# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

निर्धारित सिकाइ उपलब्धि प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभव तथा ज्ञानहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो । पाठ्यक्रम शिक्षण सिकाइ कार्यको मूल सिद्धान्त वा निर्देशन हो । पाठ्यक्रम शब्द अङग्रेजी, “Curriculum” शब्दको नेपाली रूपान्तरण हो । ल्याटिन भाषामा “Currere” ले धावनमार्गको अर्थ दिन्छ । यसले निर्धारित उद्देश्यसम्म पुग्नका लागि बनाइएको धावनमार्गरूपी कार्यक्रमको रूपमा पाठ्यक्रमलाई चिनाउँछ । तसर्थ पाठ्यक्रम भनेको विद्यार्थीहरूलाई के पढाउने भन्ने कुरा निर्देशन गर्ने दस्तावेज हो (ढुङ्गेल र दाहाल, २०५७ : ६१) । त्यस्तै पाठ्यक्रम शिक्षण प्रक्रियाको मुटु हो । विद्यालय भित्र र बाहिर विद्यार्थीमा ऐच्छिक उपलब्धिहरू प्राप्त गराउन विद्यालयद्वारा गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भनिन्छ (हिल्डा टावा) । पाठ्यक्रमलाई शिक्षाको उद्देश्य पुरा गर्नका लागि बनाइएको समग्र कार्यक्रमका रूपमा लिने गरिन्छ । पाठ्यक्रमभित्र तहगत, कक्षागत, विषयगत एवम् पाठ्यगत उद्देश्यहरू निर्धारित गरिएका हुन्छन् । शिक्षण गर्दा आवश्यक पर्ने शैक्षिक सामग्री शिक्षण विधि एवम् मूल्याङ्कन प्रविधि समेत प्रत्येक सिपका लागि स्पष्टरूपले निर्धारण गरिएको हुन्छ । पाठ्यक्रमले निर्धारण गरेको परिधिभित्र रहेर शिक्षण प्रक्रियामा पाठ्यक्रम शैक्षिक क्षेत्रको निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा विद्यार्थी र शिक्षक लाई अध्ययन अध्यापनका लागि बनाइएको समग्र कार्यक्रमका रूपमा लिने गरिन्छ ।

विद्यालयको निर्देशनमा तयार पारिएको विद्यार्थीको सिकाइ अनुभवमा आधारित व्यवस्थित एवम् नियोजित शैक्षिक कार्यक्रम हो । बालकको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान सिप र अनुभवको विस्तृत योजना नै पाठ्यक्रम हो । बालकका आवश्यकता र रुचि, राष्ट्रिय एवम् सामाजिक आवश्यकता र बालकको सर्वाङ्गीण विकासका लागि विद्यालयभित्र र बाहिर दिइने सम्पूर्ण अनुभव नै पाठ्यक्रम हो । यसरी हेर्दा पाठ्यक्रम भनेको सम्पूर्ण शैक्षिक गतिविधिको मेरुदण्ड हो । त्यस्तै पाठ्यक्रम एउटा यस्तो

योजना हो जसले राष्ट्रिय धरातलमा उभिएर राष्ट्र एवम् समाजको आवश्यकतालाई ख्याल गरी उपयुक्त जनशक्ति उत्पादन गर्न आधुनिक तथा समसमायिक विषयवस्तु उत्पादन गर्न सहयोग पुऱ्याउँछ । पाठ्यक्रमकै सापेक्षतामा पाठ्यपुस्तक तयार पारिएको हुन्छ र पाठ्यक्रमकै सापेक्षतामा पाठ्यपुस्तकलाई पनि हेर्न सकिन्छ । यसरी हेर्दा पाठ्यक्रम भनेको सम्पूर्ण शैक्षिक गतिविधिको मेरुदण्ड हो । पाठ्यक्रममा विद्यार्थीहरूको व्यक्तित्वको चौतर्फी विकास गर्न गरिने सम्पूर्ण क्रियाकलापहरू समावेश गरिएको हुनाले वृहत् योजनाको रूपमा रहेको छ । विद्यार्थीले एउटा तहमा प्राप्त गर्नु पर्ने त्यसका निमित्त आवश्यक पर्ने शैक्षिक सामग्रीहरू, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनको एउटा चक्र जस्तै घुमिरहन्छ । यही पाठ्यक्रममा पूर्ण रूपले केन्द्रित रहेर पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्रीको निर्माण गरिन्छ । शैक्षिक उपलब्धि हासिल गराउनका लागि पाठ्यक्रमले सम्पूर्ण दायित्व बोकेको हुन्छ । पाठ्यक्रमको उद्देश्य परिपूर्ति गर्नका लागि पाठ्यपुस्तक तयार गरिन्छ । तसर्थ पाठ्यक्रममा उल्लेख भएका उद्देश्य पूरा गर्न विषयवस्तुलाई स्पष्ट पार्न र त्यसको सीमा निर्धारण गर्न तयार पारिएको सामग्री नै पाठ्यपुस्तक हो । त्यसै कारण पाठ्यक्रमलाई आधार मानेर उद्देश्य पूरा गर्न विषयवस्तु अनुरूप पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यक्रममा जति पनि उद्देश्यहरू हुन्छन्, तिनीहरूलाई पाठ्यपुस्तकका विषयवस्तुले प्रतिविम्बन गरेको हुनुपर्छ । पाठ्यक्रमको लक्ष्य अनुरूप नै पाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकको बिच तालमेल नभएमा शिक्षण क्रियाकलापको गुणस्तर गिर्दै जान्छ । त्यसै कारण पाठ्यपुस्तक पाठ्क्रमको आधारमा तयार पार्ने, पाठ्यक्रमअनुरूप सुधार र परिमार्जन गरी उपयोगी बनाउनु पर्दछ । उक्त पुस्तकको लेखन तथा सम्पादन धिरेन्द्र प्रेमर्षि र धमेन्द्र विह्वलले गरेका हुन् । यसर्थ प्रस्तुत यध्ययनमा कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यक्रमअनुरूप छ वा छैन भनी पत्ता लगाउन यो अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

अनुसन्धानको निम्ति छानिएको कुनै पनि अनुसन्धेय विषयवस्तु नै अनुसन्धानको समस्या हो (बन्धु २०५२ : १७) । प्राथमिक तहका पाठ्यपुस्तक कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यक्रमले निर्देशन गरे बमोजिम के-के कुराहरू छन् र के-के कुराहरूलाई पाठ्यपुस्तकमा समेट्न सकिएको छैन भने कुराको खोजिमा नै यो शोध केन्द्रित रहेको छ ।

पाठ्यपुस्तकमा पाठ्यक्रमको मर्म र भावनालाई के कसरी प्रस्तुत गरिएको छ । तथा पाठ्यपुस्तकमा समेटिएको विभिन्न विधा तथा पाठ्यपुस्तकको क्षेत्र र क्रमहरूको उपयुक्त ढङ्गले प्रस्तुतीकरण गरिएको छ कि छैन भनेर खोजी गर्नु नै यस शोधको मुख्य समस्या हो । अर्थात् 'पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा पाँचको **हमर मैथिली पोथी**को अध्ययन' नै यस सोधको समस्या रहेको छ ।

प्रस्तुत शोध कार्यको समस्याहरू निम्न रहेका छन् :

क) पाठ्यक्रमअनुरूपताका आधारमा **हमर मैथिली पोथी** के कस्तो छ ?

ख) भाषिक सिपका आधारमा **हमर मैथिली पोथी** के कस्तो छ ?

ग) अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति के कस्तो छ ?

## १.३ उद्देश्यहरू

प्रस्तावित अध्ययनका उद्देश्यहरू निम्न लिखित रहेका छन् :

क) पाठ्यक्रमअनुरूपताका आधारमा **हमर मैथिली पोथी** को अध्ययन गर्नु,

ख) भाषिक सिपका आधारमा **हमर मैथिली पोथी** को विश्लेषण गर्नु,

ग) अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति पहिल्याउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपायदेयता

भाषा शिक्षण गर्नु भनेको भाषिक सिपको शिक्षण गर्नु हो । अन्य विषयको शिक्षण गर्दा विषयवस्तुलाई महत्त्व दिइन्छ तर भाषा शिक्षणमा भाषालाई नै साधन र साध्य मानेर सिपगत शिक्षण गर्नु पर्दछ । त्यसैले अन्य विषयको भन्दा भाषिक सिप शिक्षणका लागि बनाइएका भाषा पाठ्यक्रमको प्रकृति पनि फरक हुन्छ । समयको परिवर्तनसँगै भाषामा पनि परिवर्तन हुने हुँदा भाषा पाठ्यक्रममा पनि संशोधन हुनु आवश्यक हुन्छ । वि.सं. २०६४ सालमा संशोधित भएको पाठ्यक्रम अनुरूप कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तक लेखिएको छ । यस पाठ्यपुस्तक लेखन गर्दा पाठ्यक्रमअनुरूपता आधारित छ कि छैन भनी जान्नु आवश्यक हुन्छ । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक हुनु पर्दछ । यदि पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक नभएमा पाठ्यक्रमको उद्देश्य पुरा हुन सक्दैन । त्यसैले यस शोध कार्यमा उक्त कुरा पत्ता लगाउन खोजिएको छ । पाठ्यक्रम अनुरूप तयार नभएको पाठ्यपुस्तकले

विद्यार्थी र अभिभावकको आवश्यकता, चाहना, इच्छा र आकाङ्क्षाहरू परिपुर्ति गर्न सक्दैन । पाठ्यक्रमले विद्यार्थीका रुचि आवश्यकतालाई मध्यनजर राख्दै उद्देश्य, शिक्षण विधि, पाठ्यविषय तथा मूल्याङ्कन उक्त विषयहरू उपयुक्त ढङ्गले प्रस्तुत गरिएको छ कि छैन भनी अध्ययन गर्न यो अध्ययन सान्दर्भिक रहेको छ ।

भाषा पाठ्यक्रमअनुरूपताका क्षेत्रमा विभिन्न शोधार्थीहरूबाट विभिन्न शीर्षकका आधारबाट पाठ्यपुस्तकको विश्लेषण गरिएको भेटिन्छ । प्राथमिक, माध्यमिक, उच्च माध्यमिक तथा स्नातक तहमा समेत 'पाठ्यक्रमअनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन' भएको भेटिन्छ । यति भए तापनि कसैले पनि मातृभाषा पाठ्यपुस्तक कक्षा पाँचको **हमर मैथिली पोथी** २०७१ मा परिमार्जन भएको पुस्तक पाठ्यक्रम अनुरूप छ कि छैन अर्थात् पाठ्यक्रमका आधारमा तयार परिएको पाठ्यपुस्तकको बारेमा अहिले सम्म अध्ययन भएको छैन । अतः प्रस्तुत शीर्षक 'पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा पाँचको **हमर मैथिली पोथी**को अध्ययन' गर्नु आवश्यक रहेको छ । साथै यस अध्ययनले पाठ्यक्रमअनुरूपता तथा समय सापेक्ष, विद्यार्थीहरूको रुचि, क्षमताका साथै पाठ्यक्रम तथा पाठ्पुस्तकको सुधारमा समेत महत्त्वपूर्ण सहयोग पुऱ्याउने हुँदा प्रस्तुत शोध सान्दर्भिक रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

शोधपत्रमा आफ्नै नियम र सीमाहरू हुन्छन् । शोध आफैँ कठिन र गहन कार्य भएकाले प्रस्तुत शोधले व्यापक क्षेत्र नओगटेर केवल प्राथमिक तहका कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यक्रमअनुरूप निर्माण, भाषिक सिप तथा अभ्यास खण्डको अध्ययनमा सीमित गरिएको छ । जसलाई निम्नानुसार बुँदामा समेतिएको छ :

क) यो अध्ययन प्राथमिक तहका कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तकमा मात्र सीमित रहेको छ ।

ख) **हमर मैथिली पोथी**लाई पाठ्यक्रमअनुरूपताका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

ग) पाठ्यक्रमका उद्देश्यहरू, क्षेत्र र क्रममा मात्र सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तावित शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन

अध्याय तिन : सैद्धान्तिक अवधारणा

अध्याय चार : अध्ययन विधि र प्रक्रिया

अध्याय पाँच : पाठ्यक्रमअनुरूपताका दृष्टिले **हमर मैथिली पोथी** पाठ्यपुस्तकको अध्ययन

अध्याय छ : भाषिक सिपका आधारमा **हमर मैथिली पोथी** पाठ्यपुस्तकको अध्ययन

अध्याय सात : अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थितिको अध्ययन

अध्याय आठ : साराशं, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन

## २.१ परिचय

कुनै पनि काम गर्नुभन्दा पहिले बिगतका अरू त्यस्तै कार्यको मूल्याङ्कन गर्नु अतिआवश्यक हुन्छ । विगतको मूल्याङ्कन विना गरिएको योजना असफल मात्र नभएर त्यसको वर्तमान र भविष्यमा समेत नकारात्मक प्रभाव पर्न जाने हुन्छ । भाषा सिकाइमा भाषा पाठ्यपुस्तकको मुख्य स्थान हुन्छ । भाषा पाठ्यपुस्तकले भाषिक सिपमाथि जोड दिएको हुन्छ । पाठ्यपुस्तक शिक्षण क्रियाकलापको मुख्य आधार हो । त्यस कारण पाठ्यपुस्तकको निर्माण र छनोटमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । प्राथमिक तह विद्यालय तहको मात्र हैन सिङ्गो शिक्षण प्रक्रिया र तहकै जरा रहेका हुन्छ । जगलाई बलियो बनाएर मात्र माथिल्लो तह पनि बलियो हुन्छ । त्यसैले यस प्राथमिक तहका पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रम अनुरूप शब्दहरूको छनोट, विधा छनोट, भाषिक रुचि विकासका लागि कुन-कुन विधाहरू उपयोग गर्न सकिन्छ, कुन-कुन विधा मार्फत् के कस्ता पाठ्यपुस्तक शिक्षण गर्न तथा अभ्यास गर्न सकिन्छ आदि जस्ता कुरालाई बढी ध्यान दिनुपर्ने हुन्छ । पाठ्यक्रमको मर्म तथा भावना, उद्देश्य, विषय क्षेत्र तथा समय निर्धारणका दृष्टिले पाठ्यपुस्तक निर्देशित र अनुकूल बनाइन्छ ।

## २.२ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोध पत्रको उद्देश्य पाठ्यपुस्तक पाठ्यक्रमअनुरूपताको अध्ययन भएको हुनाले यो शोध सम्बन्धि भएका कार्यहरूको समीक्षा यस प्रकारले गरिएका छन् ।

आचार्य (२०५९) द्वारा 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रमअनुरूपताको अध्ययन' शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । उक्त शोधपत्रमा कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रममा उद्देश्यहरूसँगको तालमेल पहिचान गर्नु, कथाहरूलाई पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा समीक्षा गर्नु, नमुना अभ्यासको विश्लेषण गर्नु, कथाहरूको छनोट र स्तरण कस्तो छ पहिल्याउनु जस्ता महत्त्वपूर्ण उद्देश्यहरू राखेर प्रतिवेदन तयार पारिएको

छ । पुस्तकालयीय अध्ययनबाट पुरा गरेको प्रस्तुत शोधपत्रमा विद्यार्थीको स्तर अनुकूल पाठ्यक्रम सुहाउँदो कथागत उद्देश्यको तालमेल नमिलेको, कथाहरूको रखाइमा सरलदेखि जटिलताको क्रममा नराखिएको, अभ्यासमा सिर्जनात्मक अभ्यासलाई महत्त्व नदिइएको, कथाहरूको छनोट र स्तरणमा पनि ख्याल नगरिएको निष्कर्षका रूपमा रहेको छ ।

भट्टराई (२०६१) द्वारा 'कक्षा आठको नेपाली पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन' शोध शीर्षकमा शोधपत्र प्रस्तुत गरेकी छन् । उक्त शोधपत्रमा अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रमअनुरूपता पहिल्याउने, कथाहरूको संरचनात्मक तथा भाषिक पक्षहरूको विश्लेषण गर्ने, भाषा शिक्षणका दृष्टिले उक्त कथाहरूको प्रयोजन केलाउने, छनोट र स्तरणका आधारमा कथाहरूको समीक्षा गर्ने जस्ता उद्देश्य राखेर यो अध्ययनपत्र तयार पारिएको छ । पुस्तकालय अध्ययन कार्यबाट पूरा गरिएको प्रस्तुत शोधपत्रमा कथाहरूलाई स्तरअनुरूप सरलदेखि जटिल क्रममा राख्नुपर्ने, सिर्जनात्मक अभ्यासलाई पनि महत्त्व दिनुपर्ने जस्ता सुझाव निष्कर्षका रूपमा रहेको छ ।

निरौला (२०६२) द्वारा 'माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमअनुरूपता' शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । उक्त शोधपत्रमा माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन, पाठ्यपुस्तकमा पाठ्यक्रमअनुरूपताको विश्लेषण तथा उक्त तहको नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकका कमीकमजोरीहरूको पहिचान र सुझावहरू पेश गर्नु जस्ता उद्देश्यहरू राखेर प्रतिवेदन तयार पारिएको छ । पुस्तकालयीय अध्ययनबाट पूरा गरिएको शोधपत्रमा माध्यमिक नेपाली पाठ्यक्रममा बोधभन्दा अभिव्यक्तिलाई बढी जोड दिइएको, भाषिक सिपको सन्तुलित र क्रमबद्ध प्रस्तुत नभएको, पाठ्यक्रमले निर्दिष्ट गरे अनुरूप विधाको क्षेत्र र क्रम पाठ्यपुस्तकमा नमिलाइएको निष्कर्षको रूपमा रहेको छ ।

पाण्डे (२०६२) द्वारा 'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रमअनुरूपताको अध्ययन' शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । उक्त शोधकार्यमा पाठ्यक्रमअनुरूपताका आधारमा नमुना अभ्यासको विश्लेषण गर्नु, नमुना अभ्यासहरू पाठ्यक्रमअनुरूपतामा आधारित छ कि छैन केलाउनु, विद्यार्थीको स्तरअनुरूप

भए नभएको केलाउनु, तथा तथ्यका आधारमा कमीकमजोरी पत्ता लगाई सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्यहरूका आधारमा प्रतिवेदन प्रस्तुत गरिएको छ । पुस्तकालयीय अध्ययन कार्यबाट पुरा गरिएको प्रस्तुत शोधपत्रमा पाठ्यक्रमका विधाका आधारमा विषय क्षेत्र उल्लेख गरिनुपर्ने, नमुना अभ्यासहरू पाठ्यपुस्तकमा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर र आवश्यकतालाई ध्यान दिनुपर्ने जस्ता सुझाव निष्कर्षका रूपमा रहेको छ ।

खनाल (२०६३) द्वारा 'कक्षा आठको पुरानो र नयाँ पाठ्यक्रम अनुसारको नेपाली विषयमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन' शीर्षक शोधपत्रमा सीपगत, अभ्यासगत शब्दभण्डार, शब्दको छनोट, शब्दको स्रोत, शब्दवर्ग र भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधासम्बन्धी संरचनाका हिसावले वर्गीकरण तथा तुलना गर्नुका साथै कमीकमजोरी औल्याइ कथा संयोजन गर्न आवश्यक सुझाव दिनु जस्ता उद्देश्य राखेर अध्ययन गरिएको छ । पुस्तकालय अध्ययन कार्यबाट तयार पारिएको प्रस्तुत शोधपत्रमा कथाको सिप, शब्दभण्डार, संरचना जस्ता शिक्षणीय तत्त्वहरूको आधारमा दाँज्नु पर्ने, वर्गीकरण गर्नु पर्ने, स्तर निर्धारण गर्नुपर्ने जस्ता सुझाव निष्कर्षको रूपमा रहेको छ ।

सुवेदी (२०६६) द्वारा पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन नामक शोधपत्र प्रस्तुत गरिएको छ । उक्त शोधपत्रमा पाठ्यपुस्तकमा समाविष्ट गरिएका कथाहरूलाई पाठ्यक्रमअनुरूपताका आधारमा विश्लेषण गर्नु, कथाहरूले पाठ्यक्रको उद्देश्य पूरा गर्छ गर्दैन निक्र्यौल गर्नु तथा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको स्थानका बारेमा अध्ययन गरी सुझाव दिनु जस्ता उद्देश्यहरू प्रस्तुत गरिएका छन् । पुस्तकालयीय अध्ययनबाट पूरा गरिएको प्रस्तुत शोधपत्रमा पाठ्यक्रमअनुरूपताका दृष्टिले तिनवटा कथाहरू मात्र समावेश गरिएको जुन सान्दर्भिक नभएको, उद्देश्य प्राप्तिमा पूर्णता नभएको, कथाहरू कक्षा नौका विद्यार्थीहरूको उद्देश्य, तह र रुचिअनुरूप देखिएको, भाषा पाठ्यपुस्तकमा विधागत पाठहरूमा एकीकृत गरी व्याकरण शिक्षण गर्नुपर्ने आधुनिक धारणालाई अवलम्बन नगरिएको जस्ता निष्कर्षको रूपमा रहेको छ ।

सुवेदी (२०६६) द्वारा 'कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रमअनुरूपताको अध्ययन' शोध शीर्षकमा शोध पत्र प्रस्तुत गरेकी

छन् । उक्त शोधपत्रमा कक्षा आठको अनिवार्य नेपाली पाठ्यक्रममा समाविष्ट कथाहरूको प्रयोजन तथा उद्देश्यानुसार अभ्यासको विश्लेषण गर्ने कार्य गरिएको छ । पुस्तकालय अध्ययन कार्यबाट पुरा गरिएको प्रस्तुत शोधपत्रमा विद्यार्थीहरूको स्तर अनुकूल कथाहरू छनोट गरिएको, सरलदेखि जटिलको क्रममा मिलाएर कथाहरू नराखिएको र सिर्जनात्मक अभ्यासलाई पनि महत्त्व दिनुपर्ने लगायतका सुझावहरू निष्कर्षको रूपमा रहेको छ ।

कोइराला (२०७०) द्वारा पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा पाँचको हाम्रो नेपाली किताबको नमुना अभ्यासको अध्ययन नामक शोधशीर्षक प्रस्तुत गरिएको छ । उक्त शोधशीर्षकमा पाठ्यक्रमअनुरूपताको दृष्टिले नमुना अभ्यासको विवेचना गर्नु, अभ्यासहरूको वर्गीकरण र विश्लेषण गर्नु, तथ्यका आधारमा कमीकमजोरीहरू सुधारका लागि सुझाव पेश गर्नु जस्ता उद्देश्यहरू राखेर प्रतिवेदन तयार पारिएको छ । पुस्तकालयीय अध्ययनबाट पूरा गरिएको शोधपत्रमा स्तरभन्दा कठिन र बोझिला अभ्यासहरू रहेका, समूहगत अभ्यासहरू प्रत्येक अभ्यासमा भएकाले पाठ्यक्रमको उद्देश्यमा सहयोग पुग्ने, पाठ्क्रमको उद्देश्य पुरा गर्ने प्रयोजनले हरेक विधामा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सिप सिकाउन सकिने अभ्यासहरू राखिएका, अभ्यासहरू सरलदेखि जटिलताको क्रममा हेर्दा पाठ्यक्रमअनुरूप समायोजन गर्ने प्रयास गरिएको निष्कर्षका रूपमा रहेको छ ।

बम (२०७०) द्वारा पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन नामक शोधशीर्षक प्रस्तुत गरिएको छ । उक्त शोधशीर्षकमा तयार पारिएको शोधकार्यमा पाठ्यक्रमको उद्देश्य अनुरूप कथाका पाठहरूमा दिइएका अभ्यासको विश्लेषण गर्नु, पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा पहिचान गर्नु, भाषिक छनोट र स्तरणको निरूपण गर्नु, पाठ्यपुस्तकमा समाविष्ट कथाहरूलाई पाठ्यक्रमअनुरूपताका आधारमा विश्लेषण गर्नु जस्ता उद्देश्य राखेको छ । पुस्तकालयीय अध्ययन कार्यबाट पुरा गरिएको प्रस्तुत शोधपत्रमा कथाहरू विद्यार्थीको उमेर, तह, क्षमता र रुचिअनुरूप नै भएका, चारवटै भाषिक सिप विकासका लागि कार्यकलापहरू निर्धारण गरिएका, अभ्यास खण्डमा विषयगत प्रश्नलाई महत्त्व दिइएको तर वस्तुगत प्रश्नलाई वेवास्ता गरिएको निष्कर्षका रूपमा रहेको छ ।

दवाडी (२०७०) द्वारा 'पाठ्यक्रमअनुरूपताका आधारमा स्नातक नेपाली पाठ्यपुस्तकको अध्ययन' नामक शोधशीर्षक प्रस्तुत गरिएको छ । उक्त शोधकार्यमा पाठ्यक्रमअनुरुपताका आधारमा स्नातक नेपाली पाठ्यपुस्तकको अध्ययन गर्नु, पाठ्यपुस्तकमा समाविष्ट पाठहरू पाठ्यक्रमका उद्देश्य पूर्तिमा सहयोगी भए नभएको पत्ता लगाउनु, क्षेत्र र क्रम अनुरूपताका दृष्टिले अध्ययन गर्नु, जस्ता उद्देश्यहरू राखेर प्रतिवेदन तयार पारिएको छ । पुस्तकालयीय अध्ययन कार्यबाट पूरा गरिएको प्रस्तुत शोधपत्रमा पाठ्यपुस्तक पाठ्यक्रमको उद्देश्यअनुरूप निर्माण भएको, साहित्यिक विधाहरू पाठ्यक्रम अनुरूप रहेका, पाठ्यविषयहरू पाठ्यक्रमका क्षेत्र अनुरूप नै रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

# अध्याय तिन

# सैद्धान्तिक अवधारणा

## ३.१ पाठ्यक्रमको परिचय

अङ्ग्रेजी भाषाको 'करिकुलम' शब्दबाट रूपान्तरण भएर नेपालीमा पाठ्यक्रम शब्द बनेको हो । ल्याटिन भाषाको 'कुरेर' शब्दबाट निर्मित करिकुलम शब्दले दौडको मैदान अर्थात् धावनमार्ग भन्ने अर्थ दिन्छ (भण्डारी २०६८ : १६५) । त्यसैले धावनमार्गरूपी कार्यक्रमको रूपमा पाठ्यक्रमलाई अर्थाउन सकिन्छ । विद्यार्थीले शिक्षारूपी दौडलाई पाठ्यक्रमरूपी मैदानमा दौडेर आफ्नो गन्त्व्य स्थानमा पुग्न सफल हुन्छन् । समयको परिवर्तनसँगै पाठ्यक्रमको अवधारणामा समेत परिवर्तन आएको पाइन्छ । परम्परागत समयमा पाठ्यक्रमले पढाउने विषयवस्तु वा पाठ्याशंलाई मात्र बुझाउँथ्यो भने वर्तमानमा अति व्यापक रूपबाट शिक्षण सिकाइको योजना र सम्पूर्ण सिकाइ अनुभवहरूको सङ्गठनलाई लिइएको पाइन्छ ।

पाठ्यक्रम शैक्षिक कार्यक्रमको एउटा वृहत् योजना हो, जसले शिक्षाका उद्देश्यहरू पूरा गर्नका लागि सहयोग पु¥याउँछ । पाठ्यक्रम शैक्षिक क्रियाकलापको समग्र रूप हो । जहाँ विद्यार्थीले कक्षाकोठाभित्र र बाहिर सिक्ने सम्पूर्ण शैक्षिक गतिविधिहरू समाबेश गरिएको हुन्छ । कुनै निश्चित उद्देश्य प्राप्तिका लागि कुन-कुन विषयवस्तु प्रयोग गर्ने भन्ने निर्देशन कार्य पाठ्क्रमले गर्दछ । शिक्षण प्रक्रियालाई निश्चित दिशातिर अभिमुख गराउने कार्य पाठ्यक्रमले गर्दछ । पाठ्यक्रमले विद्यालयको सम्पूर्ण जीवन र कार्यक्रमलाई जनाउँछ । यसरी हेर्दा पाठ्क्रम एउटा व्यवस्थित शैक्षिक योजना हो । यसमा उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण सामग्री तथा पूरक सामग्रीको सुस्पष्ट र व्यवस्थित निर्देशन गरिएको हुन्छ ।

पाठ्यक्रम निर्माण कार्य अत्यन्तै चुनौतिपूर्ण कार्य हो । पाठ्यक्रम निर्माण गर्दा सिकारूको उमेर, क्षमता, रुचि र आवश्यकताको निदान गरिन्छ । त्यसै गरी सिकारूको पृष्ठभूमि तह, समय अवधि तथा सिकाइ प्रवृत्तिअनुसार आवश्यकता पूरा गर्ने उद्देश्यको निर्धारण गरिन्छ । त्यसपछि उद्देश्य केन्द्रित भएर विषयवस्तुको छनोट गरी तिनलाई

सुनिश्चित शिक्षण क्रममा ढालेर प्रस्तुत गरिन्छ । पाठ्यवस्तुको छनोट र प्रस्तुतिक्रम पश्चात् उद्देश्य हासिल गराउनका लागि शिक्षणीय विययवस्तुअनुरूप शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापको यथोचित गरिन्छ। अन्त्यमा शिक्षण कार्यक्रम र पाठ्यक्रम के कति मात्रामा उपलब्धिपूर्ण भयो, सिकारूमा के कति व्यवहारिक परिवर्तन आए वा आएन भन्ने मूल्याङ्कन प्रक्रियाको यथोचितरूपमा निर्देश गरिन्छ । त्यसैले पाठ्यक्रमलाई शिक्षण सिकाइको एउटा महत्त्वपूर्ण र व्यवस्थित योजना वा कार्यक्रमका रूपमा लिइन्छ।

## ३.२ भाषा पाठ्यक्रमको परिचय

भाषा विचार विनिमयको साधन हो । भाषा नै सम्पूर्ण मानव जगत्मा ज्ञान विज्ञान, दर्शन ,कला, सिप र कौशलहरूको संरक्षक र संवर्धक स्रोत हो । भाषा पाठ्यक्रम भाषा शिक्षणको योजना हो जसमा भाषिक सिपहरूको शिक्षण गरिन्छ। त्यसैले भाषा पाठ्यक्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषाका आवश्यक विषयवस्तु राखेर अभ्यासमूलक तरिकाले समावेश गरिएको हुन्छ । भाषा पाठ्यक्रम भाषिक सिपहरूलाई प्रयोगमूलक र अभ्यासमूलक कार्यकलापका आधारमा योजनावद्ध रूपले समावेश गरिएको हुन्छ । भाषा स्वम्मा सिपमूलक भएकाले भाषा पाठ्यक्रम पनि सिपमूलक प्रयोग अभ्यासमा केन्द्रित रहेको हुन्छ (शर्मा र पोडेल, २०६० : २७०) । यसरी भाषा पाठ्क्रमलाई हेर्दा भाषिक सिपपरक योजनाका रूपमा लिइन्छ।

भाषा सिपपरक भएकाले भाषा पाठ्यक्रममा विषयवस्तु भन्दा सिप विकासलाई जोड दिइन्छ। त्यसैले अन्य विषयका पाठ्यक्रमका तुलनामा यो भिन्न स्वरूपको हुन्छ। भाषिक सिप शिक्षण गर्दा अभ्यास गराउनु आवश्यक हुन्छ। त्यसैले भाषा पाठ्यक्रममा साहित्यका विविध विधाहरूलाई साधनका रूपमा लिइन्छ । विद्यार्थीको बोध र अभिव्यक्ति क्षमताको विकास गराउनु भाषापाठ्यक्रमको प्रमुख उद्देश्य हो (अधिकारी र शर्मा २०५६ : १३)। भाषा पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कन प्रक्रियाको निर्देश गरिएको हुन्छ । अन्य पाठ्यक्रमका तुलनामा भाषा पाठ्यक्रमको क्षेत्र वृहत् तथा व्यापक स्वरूपको हुन्छ। त्यसैले भाषा पाठ्क्रममा शैक्षिक, सामाजिक, कानुनी, प्रशासनिक, व्यक्ति, प्राविधिक आदि क्षेत्रलाई समेटिएको हुन्छ। भाषा विचार विनिमयको साधन भएकाले मानव जीवनमा यसको विशेष महत्व रहेको हुन्छ। ज्ञान विज्ञानको विविध जानकारी लिन

साहित्यिक सिर्जना गर्न, पेसा, व्यवसाय तथा सामाजिक भूमिका निर्वाह गर्न भाषाकै आवश्यक पर्दछ । त्यसैले मानव जीवनलाई सफल र सार्थक बनाउन भाषा पाठ्यक्रम त्यसै अनुरूप हुनुपर्दछ ।

भाषा पाठ्यक्रमले योजनावद्ध रूपबाट सिकारुलाई लक्षित विन्दुमा पुऱ्याउन सहयोग गर्दछ । भाषा पाठ्यक्रमले भाषाको मानवरूपका बारेमा कथ्य र लेख्यको भिन्नताका बारेमा तथा भाषिक सौन्दर्यका बारेमा, पनि जानकारी दिइन्छ । भाषा सिकाइमा विभिन्न उमेर, रुचि, क्षमता भएका सिकारूहरू हुन्छन् । त्यसता सिकारुहरूलाई स्तरअनुरूप भाषा सिकाउने लक्ष्य भाषा पाठ्यक्रमले राखेको हुन्छ । भाषा सिकाइका निम्ति निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धि तहमा पुग्नका लागि बनाइएको भाषा शिक्षणसम्बन्धी गोरेटो वा कार्यक्रमका रूपमा भाषा पाठ्यक्रमलाई परिभाषित गर्न सकिन्छ (पौडेल २०६९:२२७) । भाषा पाठ्यक्रम विषय विशेषज्ञका संलग्नतामा निर्माण गरिनु पर्दछ । अन्यथा भाषा पाठ्यक्रम त्यसको मर्म र भावनाअनुरूप हुन सक्दैन । यसरी भाषिक सिपहरूमा दक्ष र कुशल बनाउने उद्देश्यले गरिने भाषा शिक्षणसम्बन्धी शैक्षिक क्रियाकलापको योजनावद्ध वा व्यवस्थित कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ ।

### ३.३ भाषा पाठ्यक्रमका तत्वहरू

भाषापाठ्यक्रमका महत्वपूर्ण अवयव अथवा भागलाई नै भाषापाठ्यक्रमका तत्त्व भनिन्छ । भाषिक सिपहरूको विकास गराउनका लागि भाषापाठ्क्रम निर्माण गरिन्छ । भाषापाठ्यक्रम निर्माण गर्न विभिन्न प्रक्रियाहरू पुरा गर्नु पर्दछ । यस्तो प्रक्रियामा क्रमवद्धता र व्यवस्थित रूप हुनुपर्दछ । भाषापाठ्यक्रमभित्र समावेश गरिने विभिन्न तत्वहरूलाई भाषापाठ्यक्रमका आधार समेत भनिन्छ । भाषापठ्यक्रमभित्र निम्न लिखित तत्वहरूको आवश्यकता पर्दछ ।

भाषापाठ्यक्रमका तत्वहरूलाई निम्नलिखित प्रस्तुत गरिएको छ :

#### ३.३.१ उद्देश्य

भाषा पाठ्यक्रमको मुख्य उद्देश्य भनेको भाषिक सिपको विकास गराउनु हो । त्यसैले भाषापाठ्यक्रमको उद्देश्य अन्य पाठ्यक्रम भन्दा भिन्न किसिमको हुन्छ । भाषा पाठ्यक्रमको

उद्देश्य छनोट गर्दा लक्षति समूहका विद्यार्थीहरूको भाषिक आवश्यकता, पृष्ठभूमि, रुचि, क्षमता, योग्यता, भाषासिकाइको प्रकृति, मातृभाषा, दोस्रो भाषा वा विदेशी भाषा कुन किसिमको हो । त्यसको आवश्यकता र क्षेत्रलाइ ध्यान दिएर गर्नु  पर्दछ । यसका साथै भाषिक सिपको प्रवर्धनमा सहयोग पुग्ने विषयवस्तु, सामग्री, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियालाई स्पष्ट रूपमा मार्गनिर्देश गर्न सक्ने उद्देश्यहरू निर्धारण गर्नु पर्दछ । उद्देश्य विनाको कुनै पनि कार्यक्रम सफल र प्रभावकारी हुन सक्दैन (लामिछाने, २०७० : १३५) ।

### ३.३.२ पाठ्यवस्तु/विषयवस्तु

भाषिक सिपगत दक्षता हासिल गर्न उद्देश्य चयन गरिसकेपछि त्यो उद्देश्य पुरा गर्न तय गरिएको सामग्री विषयवस्तु हो । पाठ्यवस्तुमा पाठलाई अभ्यासमूलक बनाइ सिपसँग सम्बद्ध गरिएको हुन्छ । सिकारुलाइ के पढाउने, कस्ता शैक्षिक अनुभवहरू दिने भन्ने विषय वस्तुको श्रृङ्खला नै पाठ्यवस्तु हो । निर्धारित उद्देश्य वा सिकाइ उपलब्धिको आधारमा विद्यार्थीमा विकास गर्नुपर्ने सिप, ज्ञान र धारणालाई आधार बनाएर के कस्ता विषयहरू र विषय अन्तर्गत के कस्ता पाठ्यवस्तु निर्धारण गर्नु पर्दछ भन्ने कुराको निर्णय गरिन्छ ।

भाषापाठ्यक्रममा पाठ्यवस्तु छनोट गर्नका लागि कुनै एक क्षेत्र वा विधामात्र पर्याप्त हुँदैन । भाषापाठ्यक्रममा उद्देश्यहरू पुरा गर्न सक्ने किसिमका पाठ्यवस्तुहरू छनोट गरेर तिनलाइ क्रमबद्ध रूपमा सूचीकृत गर्नु पर्दछ (अधिकारी, २०५७ : २६८) । भाषापाठ्यक्रममा विधागत विविधता हुनुका साथै विषयगत विविधता हुनु महत्त्वपुर्ण  हुन्छ । भाषापाठ्क्रममा सामाजिक, सांस्कृतिक ऐतिहासिक, धार्मिक, साहित्यिक, प्राकृतिक, कला, सौन्दर्य आदि विविधि क्षेत्रबाट पाठ्यवस्तु छनोट गर्न सकिन्छ । यी व्यापक क्षेत्रबाट छनोट गरिएका पाठ्यवस्तु विद्यार्थीको उमेर, रुचि एवम् तहअनुसार छनोट र स्तरण गरिनु पर्दछ । भाषिक सिप विकासका लागि विद्यालयमा गरिने सम्पूर्ण कार्यकलापलाई पनि पाठ्यवस्तुका रूपमा लिन सकिन्छ । यसका साथै घर परिवार, समाज आदि पनि पाठ्यक्रम हुन् । यस्ता व्यापक तथा बृहत् पाठ्वस्तुको छनोट र स्तरणमा पाठ्यपुस्तक निर्माता सचेत हुनु आवश्यक छ । यसरी भाषापाठ्यक्रमको उद्देश्य प्राप्त गर्न उपयुक्त ढङ्गले पाठ्यवस्तुको क्षेत्र र क्रमलाई सुसंगठित गर्नु पर्दछ ।

### ३.३.३ शिक्षण सिकाइ क्रियाकलाप

भाषापाठ्क्रमका उद्देश्यहरू हासिल गर्नका लागि पाठ्यवस्तुको छनोट र स्तरण पछि शिक्षण सिकाइ क्रियाकलाप तय गर्नु पर्दछ । छनोट गरिएका पाठ्यवस्तुलाई के के र कुन कुन विधि वा तरिकाबाट शिक्षण गरेमा उद्देश्य हासिल गर्न सकिन्छ भनी गरिने क्रियाकलाप नै शिक्षण सिकाइ क्रियाकलाप हो । शिक्षण सिकाइ क्रियाकलाप नै विद्यार्थीको मस्तिष्कसम्म पुग्ने माध्यम हो, जुन कार्य शिक्षकद्वारा सम्पन्न हुन्छ । पाठ्यवस्तु जति प्रभावकारी र समयानुकूल भए तापनि त्यसको शिक्षण विधि र प्रक्रिया उपयुक्त हुन सकेन भने पाठ्यक्रमको उद्देश्य पुरा हुन सक्दैन । शिक्षण क्रियाकलाप विद्यार्थी केन्द्रित र सिपमूलक हुनुपर्दछ । भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई अलग-अलग विधिको प्रयोग गरेर सिपगत विकास गराउनु पर्दछ । यसैगरी भाषापाठ्यक्रमका कार्यकलापहरू प्रयोगात्मक अभ्यासात्मक साथै अभिनयात्मक, खोजमूलक, श्रुतिबोधात्मक एवम् आवृतिमूलक हुनु पर्दछ (पौडेल, २०७० : २८) ।

पाठ्यवस्तुलाई कक्षागत, तहगत तथा विषयगत र सिकारुको स्तर रुचि क्षमतालाई ख्याल गरी फरक-फरक ढङ्गबाट प्रस्तुत गरिनु पर्दछ । यसैगरी साना कक्षामा अपनाइने शिक्षण विधि र ठूला कक्षामा अपनाइने विधि फरक-फरक बनाउनु पर्दछ । भाषा शिक्षणका क्रममा व्याख्यान, छलफल, प्रवचन, खेल विधि, नाटकीय विधि, प्रदर्शन विधि तथा कथा कथन विधि उपयोगी मानिने भएकाले भाषा पाठ्यक्रममा उक्त विधिलाई प्रयोगमा ल्याउन निर्देशन गरिनुपर्दछ (ढुङ्गेल र दाहाल २०५९:२२) । यसो गरेमा शिक्षण सिकाइ क्रियाकलाप रोचक भइ अपेक्षित उद्देश्यहरू पुरा गर्न सक्छ ।

### ३.३.४ मूल्याङ्कन

भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पुरा भए वा भएनन् भनी गरिने लेखाजोखा नै मूल्याङ्कन हो । भाषापाठ्यक्रममा अन्य विषयका पाठ्यक्रम भन्दा मूल्याङ्कन प्रक्रिया भिन्न हुन्छ । भाषापाठ्यक्रमको मूल्याङ्कन भाषिक उपलब्धि प्रवर्द्धनमा सहयोग हुने र सवलीकृत गर्ने प्रयोग अभ्यासमा केन्द्रित हुन्छ (पौडेल २०६९:२२९) । भाषिक मूल्याङ्कनमा भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई विभिन्न तरिकाले मूल्याङ्कन गरिनु पर्दछ । यस्ता विविध तरिका अपनाइ गरिने मूल्याङ्कनबाट पाठ्यक्रमको

अपेक्षित उद्देश्य पुरा गर्न सके नसकेको थाहा पाउन र अभिवृत्तिको विकास भएको छ भन्ने कुराको लेखाजोखा गर्ने काम मूल्याङ्नबाट हुन्छ । भाषापाठ्क्रमले यस्ता कुराहरूको स्पष्ट निर्देश गर्नुपर्दछ ।

मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो । भाषापाठ्यक्रमका उद्देश्यहरू पुरा गरिएका पाठ्यवस्तु, शिक्षण क्रियाकलाप, शिक्षण विधिहरू उपयुक्त वा अनुपयुक्तताको विश्लेषण गर्ने र आवश्क पृष्ठपोषण दिने कार्य मूल्याङ्कनले गर्दछ । भाषिक मूल्याङ्कन औपचारिक, अनौपचारिक, लिखित, मौखिक, निर्माणात्मक तथा निर्णयात्मक हुन्छन् । भाषापाठ्यक्रमले निर्णयात्मक मूल्याङ्कन मात्र नभएर निर्माणत्मक मूल्याङ्कनलाई पनि स्पष्ट निर्देश गर्नु पर्दछ । यसरी भाषापाठ्यक्रमले मूल्याङ्कन प्रक्रियालाई भाषिक सिपगत रूपमा निर्देश गर्न सकेमा मात्र पाठ्यक्रमको उद्देश्य प्राप्त गर्न सकिन्छ ।

## ३.४ पाठ्यपुस्तकको आन्तरिक विशेषताहरू

भाषा पाठ्यपुस्तकभित्र रहने प्राज्ञिक वा आन्तरिक गुणलाई नै भाषापाठ्यपुस्तकको आन्तरिक विशेषता भनिन्छ । यस्तो विशेषता भाषापाठ्यपुस्तकमा नभई नहुने कुरा हो । यस्ता विशेषता वा गुणका कारणले भाषापाठ्यपुस्तक अन्य पुस्तकभन्दा भिन्न हुन पुगेको हो । यस्ता आन्तरिक विशेषतालाई निम्न रूपबाट प्रष्टयाइएको छ ।

### ३.४.१ पाठ्यवस्तु

भाषापाठ्यपुस्तकमा पाठ्यवस्तु केन्द्रिय तत्व हो । यसमा बोध र अभिव्यक्तिसँग सम्बन्धित सिपगत स्रोतहरू उल्लेख गरिएको हुन्छ । भाषापाठ्यपुस्तकमा विभिन्न शीर्षक, उपशीर्षक, विधा, उपविधामा ढालेर विविध विषयवस्तुका माध्यमबाट पाठ्यवस्तु प्रस्तुत गरिएको हुन्छ । जस्तैः एउटा कथा विधाभित्र श्रुतिबोध, श्रुतिलेख, सस्वरपठन, मौनपठन, शव्दार्थपठन, बुँदाटिपोट, संक्षेपीकरण आदि । पाठ्यवस्तुमा के-कस्ता विषयवस्तु कुन पाठका लागि उपयुक्त हुन्छ । पाठ्यवस्तुमा कुन विद्यार्थीको भाषिक पृष्ठभूमी कस्तो छ, क्षमता कस्तो छ, रुचि तथा आवश्यकता कस्तो छ, कुन तहका लागि हो भन्ने बारेमा ख्याल गरिएको हुनुपर्छ (पौडेल, २०६९ : ३३८) । भाषापाठ्यपुस्तकमा राखिएको पाठ्यवस्तुले पाठ्यक्रमका अपेक्षालाई पुरा गर्न सक्नुपर्छ । सिपपरक तथा अभ्यासमूलक हुनुपर्छ ।

भाषापाठ्यपुस्तकमा राखिएको पाठ्यवस्तु अन्धविश्वास, रुढीवादी, अनैतिक, अव्यावहारिक तथा नकारात्मक प्रभाव पर्ने किसिमका हुनुहुँदैन । अश्लील, उच्छृङ्खल, अवाञ्छित भाषाको प्रयोग हुने शब्द, शैली र वाक्य रचना गर्नु हुदैन । पाठ्यवस्तुको प्रस्तुतीकरणमा विविध साँस्कृतिक, वातावरणीय परिवेशलाई आत्मसाथ गरिनुपर्छ भन्ने वैज्ञानिक, तार्किक तथा तथ्यपरक विषयवस्तु हुनुपर्छ । पाठ्यवस्तुले लैङ्गिक समानता र अस्तित्वलाई जोगाउनु पर्छ । एकता र आत्मीयताको प्रवर्द्धन गर्नु पर्छ । सहयोगी सिर्जनात्मक भावना पैदा गराउनु पर्छ । यस्ता विभिन्न कुराहरूको आधारमा भाषापाठ्यपुस्तकमा पाठ्यवस्तु प्रस्तुत गरिनुपर्छ ।

### ३.४.२ शब्दभण्डार

भाषापाठ्यपुस्तकमा राखिने शब्दभण्डार विद्यार्थीको स्तरअनुकूल, भाषिक पृष्ठभूमि र आवश्यकतालाई ख्याल गरिएको हुनुपर्छ । भाषापाठ्यपुस्तकमा प्रयोग गरिएका शब्दभण्डारले भाषिक बोध र अधिव्यक्ति क्षमतालाई प्रवर्द्धन गर्न सक्नुपर्छ । सुरुसुरुमा सरल र आधारभूत शब्दहरूको प्रयोग गरिनु पर्छ र क्रमशः नजानिदो ढङ्गले सरलदेखि जटिलताको क्रममा अन्य प्राविधिक अनुकरणात्मक, पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, एकल सङ्क्षिप्त आदि शब्दहरू आवश्यकताअनुसार प्रयोग गर्नुपर्छ । भाषाषठ्यपुस्तकमा राखिएका शब्दहरू आवृत्ति तथा अभ्यासात्मक प्रयोगमा आउनु पर्दछ । भाषापाठ्यपुस्तकमा प्रयोग गरिएका शब्दहरू शुरुमा सरल तथा तद्भव र पछि मात्रै तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिनुपर्दछ । पाठ्यपुस्तकमा ८०% विद्यार्थीले जानेका शब्दहरूको प्रयोग गरिनुपर्दछ । यसैगरी एउटै पाठ्यपुस्तक भित्र पनि अघिल्लो पाठभन्दा दोस्रो पाठमा २०% भन्दा बढी नयाँ शब्दहरू थपिनु हुदैन । (पौडेल २०६९:२७१) यिनै उल्लेखित सान्दर्भिक कुराहरूको आधारमा कुनै पनि भाषापाठ्यपुस्तकमा शब्दभण्डारको स्तरण गर्न सकिएमा भाषापाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्य प्राप्त गर्न सक्दछ ।

### ३.४.३ भाषा

भाषापाठ्यपुस्तक निर्माणमा आवश्यक पर्ने महत्वपूर्ण पक्ष वा माध्यम भाषा हो । भाषापाठ्यपुस्तकमा प्रयोग गरिने भाषा सरल सुबोध र स्पष्ट हुनुपर्दछ । विद्यार्थीको स्तर अनुसारको भाषा प्रयोग गर्नुपर्छ (लामिछाने, २०७० : १५४) । तल्लो कक्षामा स्तरअनुरूप सरल भाषा र ठूला कक्षामा अलि जटिल भाषाको प्रयोग गरिनुपर्छ । प्रारम्भिक तहका सुरुमा

बढीमा तीन चारवटा शब्दद्वारा बनेको वाक्यहरू र पछिल्ला कक्षामा बढीमा दश वाह्रवटा शब्दहरूले बनेका वाक्य प्रयोग गर्न सकिन्छ । प्रारम्भिक तहमा सर्वनामको प्रयोग गर्नु उपयुक्त हुदैन । पछि सर्वनामको प्रयोग गर्न सकिन्छ । यस्तै सापेक्ष संयोजक, आलङ्कारिक र प्रतीकात्मक शैलीलाई स्तरअनुरूप राखिनुपर्छ । भाषापाठ्यपुस्तकमा प्रयोग गरिने भाषा दुर्वोध, दोहोरो अर्थ लाग्ने नभएर स्पष्टताका साथै रुचिकर, सुगम स्तरीकृत, भाषिक सिप आर्जनमा उपयोगी, दैनिक व्यवहारमा सहयोगी हुनुपर्छ । यस्तै अनुच्छेद वितरण, पाठ वितरण, सिलसिलावद्ध, बनोटमा स्तरयुक्त आकारप्रकार हुनुपदर्छ । भाषापाठ्यपुस्तकमा प्रयोग हुने भाषामा उखान टुक्का र अनुकरणात्मक शब्दहरूलाई पनि स्तरअनुरूप उपयुक्त र रोचक ढङ्गले प्रयोग गरिनुपर्छ । यिनै आधारलाई ख्याल गरेर भाषा भाषापाठ्यपुस्तकमा भाषाको समुचित प्रयोग गरेर निर्माण गरिएको भाषापाठ्यपुस्तक उपयुक्त हुन्छ ।

### ३.४.४ अभ्यास

अभ्यासले मानिसलाई पूर्ण बनाउँछ भने झैँ भाषिक सिप विकास गराउन पनि प्रशस्त अभ्यासको आवश्यकता पर्दछ । भाषापाठ्यपुस्तकमा मूल पाठ दिएर त्यसका आधारमा प्रशस्त सिपमूल अभ्यासहरू दिइएको हुनुपर्छ । अभ्यासलाई कम महत्व दिइएको र पर्याप्त विविधता अँगाल्न नसकिएको पाठ्यपुस्तक भाषिक सिप विकासका दृष्टिले उपयुक्त हुँदैन । कक्षा वा तहको स्तर र आवश्यकतालाई ख्याल गरी निर्माण गरिएको भाषापठ्यपुस्तक उपयुक्त हुन्छ । अभ्यासमा विशुद्ध उच्चारण, मानक वर्णविन्यास, शब्दिक कार्यक्षेत्र पहिचान र प्रयोग, शब्द निर्माण र वर्ण परिवर्तन, वाक्य गठन र वाच्यान्तरण, वाक्यतत्वहरूको उपयोग, पदविन्यास र सङ्गति, संश्लेषण, विश्लेषण आदि सबै क्षमताको विकास गराउने खालका अभ्यासहरू राखिनुपर्छ (लामिछाने, २०७० : १२४) । त्यसैगरी शब्दभण्डार क्षमताको विकास गर्न सङ्क्षेपीकरण, विस्तृतीकरण, वाचनकला, श्रवणकला, वक्तृत्वकला, स्वतन्त्र तथा सिर्जनात्मक कलाका विकास गराउने खालका भाषिक अभ्यासहरू राखिएको हुनुपर्छ । भाषापाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारै सिपलाई सन्तुलित हुने किसिमले अभ्यासहरू राखिएको हुनुपर्छ । यसका साथै मौखिक, लिखित तथा प्रयोगात्मक र व्याकरणात्मक अभ्यासहरूको समुचित सन्तुलन हुनुपर्छ । भाषापाठ्यपुस्तकले भाषापाठ्यक्रम अनुरूपताका आधारमा रहेर भाषा पाठ्यक्रमका भाषिक उद्देश्य पुरा गर्न

सक्नु पर्दछ । माथि उल्लेखित कुराहरूमा आधारित रहेर भाषापाठ्पुस्तक निर्माण गर्दा उपयुक्त र सान्दर्भिक हुन्छ ।

### ३.४.५ चित्र

भाषापाठ्यपुस्तमा भाषिक सिप विकास गर्ने किसिमका उपयुक्त चित्रहरूको प्रयोग गर्नुपर्छ । चित्रका माध्यमबाट भाषिक धारणात्मक विकास गराउन, वर्णनात्मक क्षमताको विकास गराउन, अनुकरणात्मक क्षमताको विकास गराउन तथा अर्थबोध गराउन सकिन्छ । चित्रहरू तहअनुरूप स्पष्ट, उपयुक्त आकारको, आकर्षक, उद्देश्यपरक, सान्दर्भिक र उपयुक्त स्थानमा राखिनु पर्दछ । तल्ला तहका तुलनामा माथिल्ला तहका चित्रहरू साना गम्भीर र भावनात्मक किसिमका हुनुपर्दछ ।

यसरी भाषापाठ्यपुस्तकको आन्तरिक विशेषतामा आवश्यक तत्वहरूको समुचित गर्न सकियो भने भाषापाठ्यपुस्तक भाषिक सिपगत उद्देश्य पूरा गर्न सकिने हुन्छ । माथि उल्लेखित बाहेक अन्य विभिन्न आन्तरिक विशेषताहरूलाई पनि महत्त्वपूर्ण मानिन्छ । जस्तै तालिका, शब्दार्थ, टिप्पणी, शिक्षकलाई शिक्षण विधि, प्रक्रिया, कार्यकलापका बारेमा निर्देशन दिइएको भएमा अझ उपयुक्त हुन्छ । भाषा पाठ्यपुस्तकमा चित्रको महत्त्वलाई स्पष्ट पार्नका लागि अग्रज विद्वानहरूले “हजारौं शब्दमा बयान गर्दा अर्थ र धारणा स्पष्ट पार्न नसकिने कुरालाई एउटै चित्र प्रयाप्त हुन्छ” भनेका छन् (लामिछाने, २०७० : १५५) ।

## ३.५ भाषापाठ्यपुस्तकका बाह्य विशेषताहरू

भाषापाठ्पुस्तकको वाह्य पक्षमा रहेको अथवा भौतिक स्वरूपलाई वाह्य विशेषताका रूपमा लिन सकिन्छ । भाषापाठ्यपुस्तक निर्माण गर्दा वाह्य रूपबाट हेर्दा आकर्षक, पढौं पढौं लाग्ने साथै बधाइ र सिलाई राम्रो हुनुपर्दछ । पक्ष**हरू**लाई बाह्य विशेषताका **रूप**मा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ३.५.१ बनोट

बनोट भनेको बाह्य आकार प्रकार हो । भाषापाठ्यपुस्तकको बनोटमा आवरण बाक्लो र बलियो कागजले बनेको हुनुपर्छ । भाषाको पाठ्यपुस्तक जनाउने खालका आकर्षक चित्र र दृश्यात्मक हुनुपर्दछ । गाता बाक्लो, भिज्ने, मैलिने, च्यातिने डरबाट मुक्त भएको

हुनुपर्छ । भाषापाठ्यपुस्तक अन्य पुस्तकभन्दा आकारमा ठुलो र स्तरअनुरूपको मोटाई हुनुपर्छ । यसैगरी भाषापाठ्यपुस्तकको आकार साना कक्षाका लागि ठुलो र ठुला कक्षाका लागि स्तरअनुरूप केही सानो हुनुपर्छ । प्राथमिक स्तरका लागि १२ इन्च चौडाइ र १६ इन्च लम्बाइ भएका र सो भन्दा माथिका लागि १० इन्च चौडाइ र १३/१४ इन्छ लम्बाई भएका भाषापाठ्यपुस्तकलाई उपयुक्त भनिन्छ (शर्मा र पौडेल, २०६० : ३७०) ।

### ३.५.२ अक्षरको आकार र ठाउँ छोडाइ

भाषापाठ्यपुस्तकमा अक्षरको आकार र ठाउँ छोडाइ पनि उपयुक्त हुनुपर्दछ । साना कक्षाको पाठ्यपुस्तकमा अक्षरको आकार अलि ठुलो हुनुपर्दछ । प्राथमिक तहमा १४/१५ प्वाइन्टसम्मका अक्षराकार उपयुक्त हुन्छ (शर्मा र पौडेल, २०६० : ३७१) । भाषापाठ्यपुस्तकमा मुख्य शीर्षक ठुला, उपशीर्षक त्यो भन्दा केही कम र पाठ्यांश र अभ्यासहरूमा केही कम साना गराउँदै लैजानुपर्छ । यसैगरी अक्षरहरू लेख्दा केही ठाउँ छोडेर लेख्नुपर्दछ । अक्षर लेख्दा स्पष्ट र सफा हुनपर्दछ ।

### ३.५.३ छपाइ र बँधाइ

भाषापाठ्यपुस्तक छाप्दा मजबुत र वैज्ञानिक रूपले छाप्नुपर्छ । विद्यार्थीको स्तर र तहअनुरूप दुबै पटिका किनारा छोड्नुपर्छ । मसी लामो समयसम्म नउड्ने र नफुल्ने हुनुपर्दछ (लामिछाने, २०७० : १५०) । प्राथमिक तहमा रङ्गीन मसिको प्रयोग गरी शीर्षक, उपशीर्षक तथा आवश्यक सङ्केत गर्नु परेमा गाढा मसी प्रयोग गरी छाप्न सकिन्छ । पाठ्यपुस्तकमा प्रयोग गरिएका पाना उप्किने, खलबलिने डरबाट हट्ने कागजलाई बलियो धागोले सिलाएर, स्टेपले क्लिप गरेर, गम अथवा फेविकलले बलियो गरी जमाएर मजबुत बँधाइ हुनुपर्छ । यसै गरी किताबको पाना पल्टाएर जुन टाउँ राखे पनि अडिने हुनुपर्छ । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिएका वर्णविन्यास, व्याकरण तथा शब्द र आवश्यक चिह्नहरू शुद्ध र स्पष्ट हुनुपर्दछ ।

### ३.५.४ कागजको स्तर

भाषापाठ्यपुस्तक विद्यार्थीले अत्यन्तै धेरै प्रयोगमा ल्याउने साधन हो । त्यसैले यसमा प्रयोग गरिएको कागज स्तरीय, बाक्लो, चिल्लो र सेतो कागजको प्रयोग गर्नुपर्छ (लामिछाने, २०७० : १५०) । तल्लो तहमा कम स्तरीय भए पनि त्यति अनुपयुक्त हुँदैन ।

### ३.५.५ मूल्य

भाषापाठ्यपुस्तकको मूल्य बढी भएमा सबै किसिमका आर्थिक अवस्था भएका विद्यार्थीहरूले खरिद गर्न र पढ्न असमर्थन हुन्छन् । सकेसम्म सरकारी स्तरबाट निःशुल्क वितरण गर्ने व्यवस्था मिलाउन सक्नुपर्छ । यदि नभएमा पनि सामान्य व्यक्तिको अवस्थालाई पहिचान गरी सुपथ मूल्य निर्धारण गरिनु पर्छ (लामिछाने, २०७० : १५१) ।

### ३.५.६ सुलभता

पाठ्यपुस्तक खोजेको बेलामा जहाँतहीँ सजिलैसँग उपलब्ध हुन सक्नु नै सुलभता हो । भाषापाठ्यपुस्तक सहरी र सुगम क्षेत्रमा मात्रै नभएर दुर्गम तथा पहाडी क्षेत्रमा पनि समयमै उपलब्ध हुनुपर्दछ ।

### ३.५.७ विषयसूची

भाषापाठ्यपुस्तक पाठ सुरु हुनुभन्दा अगाडि कै पृष्ठमा विषयसूची राखिनुपर्छ । पढाउन थालिएको पाठ कुन पृष्ठमा छ भनी अध्ययन अध्यापन गराउन सजिलो हुन्छ । यो पनि एक महत्त्वपूर्ण पक्ष हो ।

## ३.६ भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकको सम्बन्ध

भाषापाठ्यक्रम शिक्षण प्रक्रियाको एक बृहत् योजना हो । भाषापाठ्यपुस्तकमा भाषिक सिपहरू सिकाउनका लागि तय गरिएको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य तथा कक्षागत उद्देश्य समेत निर्देशित गरिएको हुन्छ । भाषापाठ्यक्रममा कुन कुन कुरा पढाउने, कसरी पढाउने, कस्ता विषयवस्तुको छनोट गर्ने, विषयवस्तुको क्षेत्र र क्रम कसरी व्यवस्थापन गर्ने जस्ता बृहत् कुराहरू समावेश गरिएको हुन्छ (लामिछाने, २०७० : १९५) । भाषा पाठ्यक्रमकै आधारबाट भाषापाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । पाठ्यक्रमले जे जस्ता उद्देश्यहरू तय गर्दछ त्यसको आवश्यकता पूर्ति गर्नका लागि भाषापाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यक्रमअनुरूप पाठ्यपुस्तकको तालमेल नभएमा शिक्षण क्रियाकलाप गुणस्तरमा नकारात्मक प्रभाव पार्दछ । न्यसैले भाषापाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध अत्यन्त निकट रहेको हुन्छ ।

भाषापाठ्यक्रमले शिक्षण सिकाइ क्रियाकलापका विभिन्न पक्षहरूमा क्रमबद्ध र योजनाबद्ध ढङ्गले पथप्रदर्शकको कार्य गर्दछ भने भाषा पाठ्यपुस्तकले पाठ्यक्रमअनुरूप रहेर पाठ्यक्रमको मार्गदर्शनलाई लक्ष्यसम्म पुऱ्याउने माध्यमको काम गर्दछ । भाषा सिपगत विकास हो, जसमा अभ्यासको पूर्णता दिन्छ । विभिन्न विषयवस्तुका माध्यमबाट भाषिक अभ्यासको प्रस्तुती पाठ्यपुस्तकमा हुन्छ । पाठ्यक्रमको मूल्याङ्कनको सैद्धान्तिक धारणा समेत प्रस्तुत गर्दछ भने मूल विशिष्ट मूल्याङ्कनलाई लेखाजोखा गर्ने काम र व्यावहारिकता दिने काम पाठ्यपुस्तकले गर्दछ ।

पाठ्यक्रमले सैद्धान्तिक पक्षमा रहेर सत्यता र सत्यतामा लैजाने काम गर्दछ । पाठ्यपुस्तकले त्यसलाई प्रयोगात्मक तवरले प्रमाणित गराउने कार्य गर्दछ । यसरी भाषापाठ्यक्रमको बृहत् योजनाबद्ध सैद्धान्तिक पथपर्दशनमा रहेर निर्माण भएको पाठ्यपुस्तक सान्दिर्भक, व्यवहारिक तथा भाषिक सिपगत दक्षता प्राप्त गर्न सकिने खालको हुन्छ । यी दुई बिचमा कुनै एकको अभाव भएमा भाषाशिक्षण कुनै पनि कार्य सम्पनन गर्न सक्दैन (शर्मा : २०६९ : ६०) । यसैले भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तक बिच निकटतम सम्बन्ध रहेको हुन्छ ।

# अध्याय चार

# अध्ययन विधि र प्रक्रिया

## ४.१ अध्ययन विधि

अनुसन्धान क्रममा प्रयोग गरिने सामग्री सङ्कलन, परिक्षण विधि जस्ता कुराहरूको समग्र प्रक्रियालाई अध्ययन विधि भनिन्छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय विधि आधारित छ । पुस्तकालय अध्ययनका क्रममा विभिन्न किसिमका सन्दर्भ पुस्तकहरू, भाषापाठ्यपुस्तकहरू, पाठ्यक्रम तथा शोधपत्रको सहयोग लिइएको छ । यही पुस्तकालयीय अध्ययन कार्यका आधारमा पाठ्यक्रमअनुरूपताको आधारमा कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तकको अध्ययन गर्ने कार्य गरिएको छ ।

## ४.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

अनुसन्धान कार्य गर्दा तथ्य वा सामग्रीको सङ्कलन गर्नुपर्दछ । यस्ता सामग्री अनुसन्धानका लागि कच्चा पदार्थका रूपमा रहेका हुन्छन् । अनुसन्धान कार्यमा सामग्री सङ्कलन गर्दा कुनै एउटा विधि वा पद्धतिमा मात्र भए पर्नु हुँदैन । विभिन्न विधि वा पद्धतिहरू अपनाएर सामग्री सङ्कलन गरियो भने मात्र विश्वसनीय र भरपर्दो तथ्याङ्क सङ्कलन गर्न सकिन्छ । त्यस्तो अनुसन्धानबाट निस्केको निष्कर्ष सत्य, तथ्य, उपयोगी र अर्थपूर्ण हुन्छ । तथ्याङ्क सङ्कलन गरी अनुसन्धानको विषय र क्षेत्रअनुसार फरक-फरक विधिहरू अपनाउन सकिन्छ । प्रस्तुत अनुसन्धान पुस्तकालयीय विधिमा गरिएको छ ।

पुस्तकालयीय अध्ययन कार्यका माध्यमबाट सामग्री सङ्कलन गर्दा पुस्तकहरूको प्रयोगद्वारा सङ्कलन गरिन्छ । प्रस्तुत शोधकार्यमा पुस्तकालयमा रहेका पुस्तकहरू, पत्रपत्रिका, लेख आदिको प्रयोग गरिएको छ । यसरी सामग्री सङ्कलन गरी अध्ययन गर्दा अनुसन्धानका लागि पृष्ठभूमि तयार हुने यस विषयमा अगाडि गरिएका अनुसन्धानका बारेमा जानकारी प्राप्त हुने, श्रम तथा अर्थको समेत बचत गराउँदछ । यसका साथै अनुसन्धान गर्न लागेको विषयका लागि कस्तो प्रविधिको उपयोग गर्दा उपयुक्त हुन्छ भन्ने बारेमा थाहा पाउन सकिन्छ । त्यसैले अध्ययन कार्यको महत्त्व रहेको छ ।

### ४.२.१ तथ्याङ्क सङ्कलनका स्रोतहरू

अनुसन्धाताले अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्षेत्र नै तथ्याङ्क सङ्कलनका स्रोतहरू हुन् । अनुसन्धानकर्ताले आफ्नो शोधका लागि आवश्यक सामग्री कहाँ-कहाँ छन् ? भन्ने कुरा जान्नु पर्दछ (भण्डारी र अन्य, २०६४) । अनुसन्धान कार्य गर्दा विभिन्न विधिहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्नुपर्दछ । उक्त शोधपत्र तयार पार्नका लागि प्राथमिक तथा द्वितीयक दुबै स्रोतबाट सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ ।

### ४.२.१ प्राथमिक स्रोत

शोधार्थी आफैँ सम्बन्धित स्थानमा गई पहिलो पटक सङ्कलन गरेको सामग्रीलाई प्राथमिक स्रोतका सामग्री भनिन्छ (लामिछाने र अन्य, २०६९ : ६२) । प्राथमिक स्रोतबाट प्राप्त सामग्री विश्वसनीय, भरपर्दो र यथार्थमा आधारित हुन्छन् । प्रस्तावित शोधकार्यका लागि आवश्यक पर्ने प्राथमिक सामग्रीका रूपमा मुख्य गरी पाठ्यक्रम विकास केन्द्र सानोठमी, भक्तपुरबाट प्रकाशित प्राथमिक तहका पाठ्यक्रम तथा प्राथमिक तह कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तक रहेको छ ।

### ४.२.२ द्वितीयक स्रोत

अन्य व्यक्ति वा संस्थाहरूले सङ्कलन गरेको तथ्याङ्कलाई अनुसन्धानका क्रममा प्रयोग गरिन्छ भने त्यस्ता सामग्रीलाई द्वितीयक स्रोतका सामग्री भनिन्छ (भण्डारी र अन्य, २०६८ : ६५) । द्वितीयक स्रोतका रूपमा पहिल्यै भएका शोधपत्र, प्रकाशित अप्रकाशित पुस्तक पत्रपत्रिका, लेख तथा गुरुजनहरूका सुझावलाई लिइएको छ ।

## ४.३ विश्लेषण प्रक्रिया

प्रस्तुत शोधकार्यमा कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यक्रमको अध्ययन गरिएको छ । उक्त अध्ययनमा **हमर मैथिली पोथी** पाठ्यक्रम अनुरूप भए नभएको त्यस्तै भाषिक सिपका आधारमा **हमर मैथिली पोथी** भए नभएको पाठगत आधारमा अध्ययन विश्लेषण गरिएको छ । त्यस्तै अभ्यास खण्डको स्वरूप र प्रयोग स्थितिको आधारमा पनि अध्ययन गरिएको छ । त्यसपछि अध्ययन तथा व्याख्या विश्लेषण गरी निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय पाँच

## पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा पाँचको 'हमर मैथिली पोथी' पाठ्यपुस्तकको

पाठ्यक्रममा उल्लेख भएका उद्देश्य पूरा गर्न विषयवस्तुलाई स्पष्ट पर्न त्यसको सीमा निर्धारण गर्न तयार पारिएको सामग्री नै पाठ्यपुस्तक हो । भाषापाठ्यक्रमका अपेक्षित उद्देश्य पूरा गराउन विभिन्न विषय क्षेत्रका विषयवस्तुलाई भाषा सिक्ने माध्यम बनाई भाषाको बोध तथा अभिव्यक्ति क्षमता विकास गर्ने सहयोगी पाठ्यसामग्रीलाई भाषापाठ्यपुस्तक भनिन्छ । भाषापाठ्यपुस्तकमा भाषा साधन र साध्य दुबै हो । यसमा विधागत विविधता, शैलीगत विविधता, अभ्यासात्मक असीमितता तथा पाठ प्रस्तुतीगत विविधता रहेको हुन्छ । त्यसैले शिक्षण सिकाइको सबैभन्दा बढी महत्त्वपूर्ण र भरपर्दो शिक्षण सामग्री नै पाठ्यपुस्तक हो ।

भाषापाठ्यक्रम भाषिक सिपगत उद्देश्यमा आधारित हुन्छ । यस्ता सिपगत उद्देश्य प्राप्त गर्नका लागि भाषापाठ्यपुस्तकमा विभिन्न विधाहरूको प्रयोग गरिएको हुन्छ । ती विधाहरूलाई क्रमबद्ध रूपमा मिलाइएको हुन्छ । भाषिक अभ्यासबाट नै शब्दभण्डार, वाक्यरचना, प्रश्नोत्तर, शुद्धोच्चारण, व्याकरणको ठीक रूपमा प्रयोग, लिखित तथा मौखिक अभिव्यक्ति आदि सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारै सिपहरूको विकास गराउन सकिन्छ । यस्ता उद्देश्यहरू परिपूर्ति गर्न पाठ्यपुस्तक उपयुक्त छ छैन भनी अध्ययन गर्ने कार्य यसमा गरिएको हुन्छ ।

भाषापाठ्यपुस्तकको अध्ययन तिनमा निहित विशेषता वा गुणका आधारमा गर्न सकिन्छ । **हमर मैथिली पोथी** भाषापाठ्यपुस्तक पाठ्यक्रमअनुरूप छ वा छैन, छ भने कतिको उपयुक्त छ या छैन भनेर अध्ययन गर्नु उपयुक्त देखिएको हुनाले यो अध्ययन गरिएको छ । भाषापाठ्यपुस्तकको अध्ययन गर्ने विभिन्न आधारहरू हुन सक्छन् तर यहाँ कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तकलाई निम्नलिखित भाषापाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गरिएको छ :

१. भाषाठ्यक्रमको उद्देश्य र **हमर मैथिली पोथी**

२. विधाको क्षेत्र, क्रम र **हमर मैथिली पोथी**

३. शिक्षण सिकाई प्रक्रिया र **हमर मैथिली पोथी**

४. मूल्याङ्कन, अङ्कभार र समयभार तथा पाठ्यपुस्तक

५. पाठको आकृति, प्रकृति र **हमर मैथिली पोथी**

६. वैचारिक पक्ष र पाठ्यपुस्तक

## ५.१ भाषापाठ्यक्रमको उद्देश्य र 'हमर मैथिली पोथी'

प्राथमिक तहको पाठ्यक्रममा उद्देश्यलाई कक्षागत नभई तहगत रूपमा प्रस्तुत गरिएको हुनाले ती उद्देश्यलाई क्रमबद्ध र सान्दर्भिकताको बेग्लाबेग्लै अध्ययन गर्न सकिँदैन । साधारण उद्देश्यका रूपमा प्रस्तुत गरिएको कूल ६ वटै उद्देश्यहरू उपयुक्त छन् ।

तसर्थ प्राथमिक तहका पाठ्यक्रमका उद्देश्यरु निम्न लिखित रहेका छन् :

१. राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराइ नैतिकता, अनुशासन र स्वाबलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने,

२. आधारभूत, भाषिक तथा गणितीय सिपको विकास गर्ने,

३. विज्ञान, सूचना, प्रविधि, वातावरण र स्वास्थय सम्बन्धि आधारभूत जान तथा जीवनोयोगी सिपको विकास गर्न,

४. कला, सौन्दर्भप्रति अभिरुचि जगाई सिर्जनशील सिपको विकास गर्ने,

५. विभिन्न जातजाति, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने,

६. मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारपूर्ण आचारणको विकास गर्ने ।

भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारवटा सिप हुन् । यी सिपहरू भाषापाठ्यपुस्तकमा अलग अलग नभई एकीकृत रूपमा पाठ्यवस्तुमा रहेका हुन्छन् । कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबै भाषिक सिपको उपयोग हुने गरी पाठ्यवस्तुको चक्रीय स्तरण गर्ने प्रयास भए तापनि अधिकांश

लेखाइ सिपले नै बढी जोड दिइएको पाइन्छ । पाठ्यक्रमले सिपगत उेश्यको रूपमा “साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न” भनी किटान गरेर उद्देश्य प्रस्तुत गरे पनि सोअनुसार पाठ्यपुस्तकमा साहित्यिक विधालाई प्रस्तुत गर्न सकिएको छैन साथै आनन्द लिएको कुरा थाहा पाउन मूल्याङ्कन खण्ड अभ्यासात्मक कार्यकलापको व्यवस्थित संयोजन मिलाउन सकिएको छैन ।

पाठ्यक्रममा “नेपाली भाषाका लिखित सामग्रीहरूलाई शुद्ध र स्पष्टसँग सस्वर र मौनवाचन गर्न” भनी राखिएको उद्देश्य पुरा गर्न सस्वरवाचन, मौनवाचन र कविता विधातर्फ गति, यति र लय मिलाएर वाचन गर्ने अभ्यास राखिएको छ । यसरी हेर्दा पाठ्यक्रमको उद्देश्यसँग मेल खाने किसिमले नमुना अभ्यास राखिएको देखिन्छ ।

यसरी प्राथमिक तहको नेपाली पाठ्यक्रमका उद्देश्य तथा ती उद्देश्यहरू पुरा गर्न तयार पारिएका **हमर मैथिली पोथी** लाई अध्ययन गर्दा यसमा पाठ्यक्रमभन्दा पाठ्यपुस्तक बढी दोषी देखिन्छ । उक्त पाठ्यक्रममा लेखाइ सिप विकासका लागि राखिएका उद्देश्य “शिक्षकको निर्देशनमा शुद्ध र सफासँग अनुच्छेद लेखन एवम् श्रुतिलेखन गर्न” भन्ने उद्देश्इलाई पुरा गर्न अभ्यास खण्डमा अनुच्छेद लेखन राखिएको छैन । पाठ्यक्रमको क्षेत्र र क्रममा रहेका जीवनी र निवेदनका पाठमा पनि अभ्यासात्मक खण्डमा विषयवस्तुको बोधपक्षकै जाँच गर्न खोजिनुले भाषिक सिप र दक्षतालाई वेवास्ता गरेको स्पष्ट ठहरिन्छ ।

शुद्ध उच्चारणसम्बन्धी अभ्यासका पाठभित्रका शब्दहरूलाई सन्दर्भपूर्ण प्रयोग गर्न सहयोग पुऱ्याएको देखिन्छ । शुद्ध पारी लेखसम्बन्धी अभ्यासले वाक्य गठन मिलाई सफा र स्पष्टसँग लेखनमा जोड दिएको पाइन्छ । यसैगरी जोडा मिलाउने, उपयुक्त शब्द खोजेर खाली ठाउँ भर्ने, ठिक उत्तरमा ठिक चिह्न लगाउने जस्ता अभ्यासहरूले उपयुक्त शब्द चयन गर्न, जस्ता अभ्यासले विद्यार्थीलाई सक्रिय बनाएर सिक्ने बानीको विकास गराउन खोजेको देखिन्छ । प्रत्येक पाठमा राखिएका सिर्जनात्मक अभ्यासले सिकारुमा क्रियाशील बनाई लेखन सिपको विकासका साथै मौखिक अभिव्यक्ति सिपलाई विकसित गराउन सहयोग गरेको पाइन्छ ।

## ५.२ विधाको क्षेत्र, क्रम र पाठ्यपुस्तक

प्राथमिक पाठ्यक्रमले आफ्नो उद्देश्यहरू पुरा गर्न विभिन्न विधा तथा तिनका पनि वृहत क्षेत्रबाट पाठ्यपुस्तकको चयन गरिएको छ । पाठ्यक्रमद्वारा विधाको क्षेत्र निर्धारण गर्दा सर्वप्रथम कविता, निबन्ध, कथा, पत्र, जीवनी, सम्वाद, लिपि गरि ७ वटा विधालाई लिइएको छ । त्यसमा हरेक विधाको क्षेत्र समेत निर्धारण गरी सोही अनुसार पाठ्य वस्तुको चयन गरेर पाठ्यपुस्तक निर्माण गरिएको छ ।

**तालिका १**

**कक्षा पाँचको विधाको क्षेत्र र क्रम तालिका**

| क.स. | विधा | क्षेत्र र क्रम |
|---|---|---|
| १ | कविता | बालकविता, सामाजिक कविता<br>कला कौशल तथा सौन्दर्य कविता, सांस्कृति कविता |
| २ | निबन्ध | सांस्कृतिक, कलात्मक |
| ३ | कथा | पैराणीक लोक कथा |
| ४ | पत्र | घरायसी पत्र |
| ५ | जीवनी | साँस्कृतिक/ऐतिहासिक साहित्यिक |
| ६ | संवाद | वादविवाद |
| ७ | लिपी | स्वर्ण वर्ण, व्यञ्जन वर्ण, कवर्गदि संयुक्ताक्षर, चवर्गदि संयुक्ताक्षर, टवर्गदि संयुक्ताक्षर, तवर्गदि संयुक्ताक्षर, पवर्गदि संयुक्ताक्षर, अन्तरथादि संयुक्ताक्षर, चारि वा बेसी वर्णक संयुक्ताक्षर |

(मातृभाषा नमुना पाठ्यक्रम, २०६४)

पाठ्यक्रम निर्माणमा क्षेत्र र क्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । क्षेत्र भन्नाले विषय वस्तुको फैलावट वा विषय वस्तुले लिएको स्थान भन्ने बुझ्नु पर्दछ । त्यसै गरी क्रम भनेको क्रमिकता हो । विधाको क्षेत्र निर्धारण गर्दा एकै किसिमका विद्या

पाठ्यक्रममा राखियो भन्ने पाठ्यक्रमको उद्देश्य पुरा हुन सक्दैन । विभिन्न क्षेत्रबाट विषय वस्तु संकलन गर्नु सबल पाठ्यक्रमको गुण अन्तर्गत पर्छ । त्यसरी नै सरलताबाट जटिलतिर क्रममा मिलाएर विषय वस्तु समावेश गर्नुपर्छ । प्राथमिक तहअन्तर्गत कक्षा पाँचको **हमर मैथिली पोथी**मा सबै विधा समावेश गर्ने निर्देशन पाठ्यक्रमले गरेको छ ।

प्राथमिक नेपाली पाठ्यपुस्तक **हमर मैथिली पोथी**ले आफ्ना उद्देश्यहरू पुरा गर्न विभिन्न विधा तथा आयामिक ढङ्गले पाठ्यवस्तुको चयन गरेको छ । पाठ्यक्रमद्वारा विधाको क्षेत्र निर्धारण गर्दा सर्वप्रथम कथा विधा त्यसपछि क्रमशः बालकविता, संवाद, निबन्ध/प्रबन्ध, चिठी, जीवनी गरी कुल छवटा विधालाई लिइएको छ । त्यसका बाहेक विधाका क्षेत्रसमेत निर्धारण गरी सोही क्षेत्रअनुसार पाठ्यवस्तुको चयन गरेर पाठ्यपुस्तक निर्माण गरिएको छ । विभिन्न विधाबाट चयन गरिएका पाठ्यवस्तुलाई विधाहरू नदोहोरिने गरी एकपछि अर्को चक्रिय स्तरणका साथ **हमर मैथिली पोथी** मा प्रस्तुत गरिएको छ ।

## ५.३ शिक्षण सिकाइ प्रक्रिया र 'हमर मैथिली पोथी'

भाषापाठ्यक्रमका उद्देश्य चयन गरिएका पाठ्यवस्तुलाई व्यवस्थित क्रममा राखिसकेपछि के कसरी पढाउने भन्ने कुरा शिक्षण सिकाइ प्रक्रिया हो । भाषा सिकाइ विषयवस्तुको सिकाइ नभई विषयवस्तुका माध्यमबाट भाषिक सिपहरूको सिकाइ हो । कक्षा पाँचको पाठ्यक्रमले भाषा सिकाइमा विभिन्न क्षेत्र तथा स्रोतका विषयवस्तुको विधागत विविध प्रस्तुतिलाई भाषिक सिपको अभ्यासको आधार सामग्री बनाउनु पर्ने निर्देश गरेको छ । प्रत्येक विधाका पाठहरूबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइका कार्यकलापहरू गराउन सकिने, कुरा पाठ्यक्रमले उल्लेख गरेको छ । सबै पाठहरूलाई श्रुतिबोध, शुद्धोच्चारण पठनबोध, मौखिक अभिव्यक्ति, लिखित अभिव्यक्ति, शब्दभण्डार, वर्णविन्यास आदिको अभ्यासका लागि उपयोग गर्नुपर्ने कुरा निर्देश गरेको छ । यस्तै पाठहरूबाट नै व्याकरणका अभ्यासहरू समेत गराउनु पर्ने कुरा निर्देश गरेको छ ।

कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरेअनुरूप विधाहरूलाई व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ । विधालाई एकपछि अर्को गर्दै कविता, निबन्ध, कथा, पत्र, जिवनी आदिलाई चक्रिय ढाँचामा प्रस्तुत गरिएको छ । यसले शिक्षण सिकाइ प्रक्रियालाई रोचकतापूर्ण बनाउन सहयोग गरेको छ । भाषा तत्त्वलाई पाठहरूको

अभ्यास खण्डका अन्त्यमा राखी छुट्टै आवश्यकतानुसार पाठसँग सम्बन्धित गर्दै शिक्षणीय प्रयोजनका दृष्टिले मिलाइएको छ । पाठहरूलाई सरलबाट जटिल क्रममा मिलाउने प्रयास गरेको भेटिन्छ ।

कक्षा पाँचको हमर मैथिली पाथीमा १८ वटा पाठहरू राखिएका छन् । ती पाठहरूलाई शिक्षण सिकाइका लागि उपयुक्त अनुक्रममा राखिएको छ । प्रत्येक पाठका अन्त्यमा सिर्जनात्मक अभ्यासहरू राखिएका छन् । जसले पाठसँग नयाँ साहित्यिक सिर्जना गराउन सकिने तथा विद्यार्थी क्रियाकलापलाई केन्द्रित बनाएर शिक्षण प्रक्रिया गराउन अवसर दिइएको छ । व्याकरण शिक्षणमा सैद्धान्तिक ज्ञानभन्दा प्रायोजिक पक्षमा जोड दिँदै शिक्षण पद्धतिका माध्यमबाट भाषिक ज्ञान दिन सकिने कुरामा लक्षित गरिएको देखिन्छ । व्याकरणलाई कार्यमूलक ढङ्गबाट पाठसँग सम्बद्ध बनाउने प्रयास गरिएको छ । पाठ्यपुस्तकमा सैद्धान्तिकभन्दा व्यवहारिकतर्फ लगेर शिक्षण प्रक्रियालाई सहज बनाउन खोजिएको देखिन्छ । यति भए तापनि **हमर मैथिली पोथी**ले विधागत शिक्षणीय विधि तथा पद्धतिलाई निर्देश गर्न सकेको पाइदैन ।

## ५.४ मूल्याङ्कन, अङ्कभार र समयभार तथा पाठ्यपुस्तक

प्राथमिक नेपाली पाठ्यक्रमले कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तकका लागि १०० अङ्क मूल्याङ्कनका लागि पूर्णाङ्क निर्धारण गरेको छ । कक्षा पाँचमा ५० प्रतिशत निर्णयात्मक (वार्षिक परीक्षा) पद्धतिबाट र ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिएको छ । लिखित मूल्याङ्कनको उतिर्णाङ्क ४० प्रतिशत हुने र छुट्टै उत्तीर्ण हुनुपर्ने राखिएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन (निर्माणात्मक मूल्याङ्कन) मा औसत उपलब्धि हाँसिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीका हकमा सम्बन्धित अभिभावक, कक्षा/विषय शिक्षक र प्रधानाध्यापकले कक्षोन्नतिको निर्णय गर्छ भन्ने कुरा पाठ्यक्रमले राखेको छ । कक्षा पाँचमा ९३६ घण्टा पठनपाठन हुने र तोकिएको वार्षिक घण्टा नघटने गरी पाठको आवश्यकताअनुसार ४५ मिनेटको समयलाई एक घण्टी मानी कक्षा सञ्चालन हुन्छ भन्ने कुरा पनि पाठ्यक्रमले उल्लेख गरिएको छ ।

**पाठ्यभार वितरण तालिका**

| भाषिक सिप | कक्षा पाँच | |
|---|---|---|
| | पाठ्यभार | अङ्कभार |
| सुनाइ | ३८ | १५ |
| बोलाइ (उच्चारण समेत) | ३८ | १५ |
| पढाइ (शब्दभण्डार समेत) | ७७ | ३० |
| लेखाइ (हिज्य र चिह्न प्रयोग समेत) | ९० | ३० |
| कार्यमूलक व्याकरण (पदसङ्गति मात्र) | १३ | १० |
| जम्मा | २५६ | १०० |

(मातृभाषाको नमूना पाठ्यक्रम, २०६४)

भाषिक मूल्याङ्कन तथा अङ्कभारको सम्बन्धमा कक्षा पाँचको पाठ्यक्रमले माथि उल्लेख गरेका पक्षहरूको निर्धारण गरेको छ । उक्त पक्षलाई उद्देश्यअनुरूप पाठ्यपुस्तकले के कस्ता भाषिक सिपहरू सिक्न र मूल्याङ्कन गर्न सहयोग गरेको छ भनी अध्ययन गर्न खोजिएको छ । पाठ्यक्रमले १०० पूर्णाङ्क मध्ये ५० प्रतिशत प्रयोगात्मक वा निर्माणात्मक मूल्याङ्कनमा जोड दिनु सकारात्मक पक्ष हो । यसले भाषिक सिप विकासमा कक्षा कार्यकलापमा विद्यार्थी सहभागी गराउन सहयोग गर्दछ । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत राखिएका विद्यार्थीको कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यावहारिक परिवर्तन हाजिरी र तिनको अभिलेख गर्नुपर्ने भन्ने पक्षको मूल्याङ्कनका लागि पाठ्यपुस्तकमा विद्यार्थीले गर्नुपर्ने कार्यकलाप राखिएको छ । यो सकारात्मक देखिन्छ । कक्षा कार्यकलापको परीक्षणलाई मूल्याङ्कन गर्नुपर्छ भन्ने कुरा पाठ्यक्रमले तोकेको छैन र पाठ्यपुस्तकमा पनि स्पष्ट देखिँदैन । क्रियाकलापको अवलोकन गर्न सकिने खालका अभ्यासहरू पाठ्यपुस्तकमा छन् तर अभिलेख कसरी राख्ने भन्ने पक्षमा अन्योल देखिन्छ ।

## ५.५ पाठको आकृति, प्रकृति र 'हमर मैथिली पोथी'

कक्षा पाँचको **हमर मैथिली पोथी**मा निम्नानुसार पाठ**हरू** राखिएका छन् :

**तालिका नं. २**

**पाठको आकृति, प्रकृति र पाठ्यपुस्तक**

| क्र.सं. | पाठशीर्षक | विधा | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १. | मिथिलाक बच्चा | कविता | १ |
| २. | पढब सीखू | निबन्ध | ४ |
| ३. | चतुर पण्डित | कथा | ८ |
| ४. | मामाकेँ चिट्ठी | पत्र | १२ |
| ५. | चारि पहर | कविता | १६ |
| ६. | राजर्षि जनक | जीवनी | १९ |
| ७. | कम्प्युटर | निबन्ध | २४ |
| ८. | अतिथि सेवा | कथा | २९ |
| ९. | बढैत चलू | कविता | ३३ |
| १०. | महर मिथिला | निबन्ध | ३६ |
| ११. | घरक काज | संवाद | ४२ |
| १२. | दया - घरमक मोल | कथा | ४७ |
| १३. | विलार आ पक्षी | कविता | ५४ |
| १४. | मैथिली साधक डा. धीरेन्द्र | जीवनी | ५८ |
| १५. | सङ्कल्प | संवाद | ६४ |
| १६. | सन्तोषक धक | कथा | ७१ |
| १७. | प्रधानाध्यापककेँ अर्जी | निवेदन | ७६ |
| १८. | मिथिलाक्षर (तिरहुता) | लिपी | ७९ |

माथि उल्लिखित तालिकालाई हेर्दा कक्षा पाँचको मैथिली पाठ्यपुस्तकमा राखिएको पाठ**हरू** न त साह्रै छोटा न लामा देखिन्छ । आकारप्रकारका दृष्टिले उपयुक्त नै देखिन्छन् । पाठ्यपुस्तकमा राखिएका पाठ**हरू**मध्ये सबैभन्दा छोटा पाठ**हरू** कविता विधाका छन् । त्यसमा पनि सबैभन्दा छोटो पाठ्यकविता, 'मिथिलाक बच्चा' रहेको छ जुन ३ श्लोकमा

संरचित छ भने जम्मा ७८ शब्द रहेको छ। सबैभन्दा लामो कविता 'विलार आ पक्षी' रहेको छ जसमा पाँच श्लोक ९१ शब्द**हरू** संरचित छ।

पाठ्यपुस्तकमा समावेश गरिएका अन्य विधागत पाठ**हरू**को विश्लेषण गर्दा 'पढब सीखू' निबन्ध हो। जुन कल दुई पेजमा संरचित छ। 'चतुर पण्डित कथा' दुई पेजकै छ भने 'मामाकेँ चिठ्ठी' दुई पेजमै संरचित छ। 'राजर्षि जनक जीवनी' दुई पृष्ठमा संरचित छन् भने प्रधानाध्यापककेँ भर्जी निवेदन एक पृष्ठमा संरचित छ जुन कविता विधाजस्तै छोटो देखिन्छ।

यसरी पाठको प्रकृतिका दृष्टिले विश्लेषण गर्दा प्रस्तुत पाठ्यपुस्तकमा रहेका पाठ**हरू** स्तर, तह र उमेर सुहाउँदा र उपयुक्त भेटिन्छन्। यस्तै रमाइला र व्यावहारिक दृष्टिले पनि उपयुक्त देखिन्छन्। पाठहरू उमेर र स्तर अनुरूप छन् भने अभ्यासमा रहेका विविधताले भाषिक सिप विकासमा तथा सिर्जनात्मक क्षमता विकासमा सहयोग पुऱ्याएको भेटिन्छ। यति हुँदाहुँदै पनि पाठको सङ्ख्या १२ वटा अर्थात् सङ्ख्यात्मक दृष्टिले बढी भएकाले पाठमा भएका क्रियाकलापहरू उपयुक्त समयमा सकिन कठिन देखिने हुनाले अभ्यासलाई बढी जोड दिनुपर्ने देखिन्छ।

### ५.६ वैचारिक पक्ष र पाठ्यपुस्तक

कक्षा पाँचको **हमर मैथिली पोथी** लाई गहन अध्ययन विश्लेषण गर्दा प्राथमिक तहको शिक्षाले अपेक्षा गरेझैं भाषिक व्यवहारमा सक्षम र सृजनशील नागरिक तयार पार्नका लागि विभिन्न अभ्यासहरू राखेर पुरा गर्न खोजेको देखिन्छ। पाठ्यपुस्तकले हिमाल, पहाड र तराई प्रदेशका विभिन्न रीतिरिवाज, चालचलन तथा मूल्यमान्यता प्रति भने पूर्णरूपमा वेवास्ता गरेको छ। विभिन्न जातजाति, भाषाभाषी तथा सम्प्रदायका मूल्यमान्यता, विज्ञान र प्रविधिका क्षेत्रमा भएका नवीनतम उपलब्धि तथा प्रजातान्त्रिक मूल्यमान्यतालाई पाठ्यपुस्तकले पूर्ण रूपमा आत्मसात गर्न सकेको छैन।

उक्त पाठ्यपुस्तकको विश्लेषण गर्दा भाषा पाठ्यपुस्तकले शिक्षा शास्त्रीय दृष्टिकोण, प्रजातान्तिक मूल्यमान्यता, मानव अधिकार तथा बालअधिकार, बालबालिकाको रुचि, स्तर, भाषिक सिप विकास, भौगोलिक तथा धार्मिक विविधता अभिभावक तथा सरोकार वालाहरूको चाहना तथा राष्ट्रिय एकता र सार्वभौमिकतालाई समेत समेट्नु पर्ने देखिन्छ।

# अध्याय छ

# भाषिक सिपका आधारमा 'हमर मैथिली पोथी'को अध्ययन

## ६. परिचय

भाषापाठ्यपुस्तकले भाषाका चारवटै सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा दक्ष बनाउने उद्देश्य राख्नुपर्दछ । पाठ्यवस्तुको छनोट गर्दा र त्यसको प्रस्तुति गर्दा चारै सिपलाई क्रमबद्ध र समान रूपमा सिकाउन सक्नुपर्दछ । तसर्थ यस अध्यायमा भाषाका चारै सिप र सुनाइ, बोलाइ पढाइ, लेखाइका दृष्टिले कक्षा पाँचको **हमर मैथिली पोथी** को अध्ययन गरिएको छ ।

## ६.१. सुनाइ/बोलाइ सिप विकासका दृष्टिले 'हमर मैथिली पोथी'

सुनाइ र बोलाइ मौखिक पक्षअन्तर्गत गर्ने भाषिक सिपहरू हुन् । यी दुई सिपहरू एक अर्कामा अन्तरसम्बन्धित छन् । व्यक्तिले कुनै कुरा सुनेर मात्र बोलाइ तर्फ अग्रसर हुन्छ । त्यसैले सुनाइ पहिलो र बोलाइ दोस्रो भाषिक सिप हो । प्राथमिक शिक्षा पाठ्यक्रमले कक्षा पाँचका लागि सुनाइ/बोलाइसँग सम्बन्धित जम्मा १२ वटा उद्देश्य राखेको छ । यिनै सुनाइ/बोलाइ सिपसँग सम्बन्धित उद्देयहरु यस प्रकार छन् :

१. मौखिक निर्देशन सुनेर पालन गर्ने,

२. आशयगत अर्थ दिने साधारण वाक्य सुनेर त्यसको आशय बताउन,

३. कुराकानी, क्षलफल, वर्णन सुनेर प्रतिकृया जनाउन,

४. आफ्नो समुदायमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिकृया दिन,

५. संचार माध्यमबाट सुनेका कुराका आधारमा कुराकानीमा भाग लिन,

६. संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गरी स्वाभाविक गतिमा बोल्न,

७. शिष्टाचारका शब्दहरू प्रयोग गरी बोल्न,

८. धाक नमानी सोधपुछ, कुराकानी, प्रश्नोत्तर, वर्णन र छलफल गर्न,

९. हाउभाउ सहित संवाद तथा छलफल गर्न,

१०. गति, यतिका आधारमा सुनेका रचना वा गति तथा कविता भन्न,

११. आफूले जानेका बालकथा र गाउँखाने कथा भन्न,

१२. पढेका पाठका आधारमा सोधिएका प्रश्नहरूको उक्त मैखिक रूपमा प्रभावकारी ढङ्गले भन्न ।

**तालिका १**

**सुनाइ/बोलाई सिप विकाससँग सम्बन्धित अभ्यासका तालिका**

| **भाषिक सिप** | **पाठ** | **विधा** | **सुनाइ, बोलाइ सम्बन्धी अभ्यासहरू** |
|---|---|---|---|
| सुनाइ/बोलाई | चतुर पण्डित | कथा | अभ्यास ९ : आपसी सदभाव विषयपर विद्यार्थीसभ आपसमे विचार विमर्श करथि |
| | पढ़ब सीखू | निबन्ध | अभ्यास ११ : शिक्षकसँ विचार ल, कोनो विषय निर्धारित करु आ ओहिपर इ-दूगोटे मिलि संवाद करु । |
| | बढ़ैत चलू | कविता | अभ्यास २ : निम्न प्रश्नसभक एक-एक वाक्यमे उत्तर दिअ । |
| | स□ल्प | संवाद | अभ्यास ११ : ख आहाँ अपन परिवार सदस्य सभके बुझएवैक जे तिलिक नहि लेबाक चाही । |
| | सन्तोषक धन | कथा | घ. शिक्षक तिलक पक्ष आ विपक्षमे किलासमे वादविवादक आयोजन करबाबथि । |

पाठ्यक्रमका सुनाइ र बोलाइसँग सम्बन्धित उद्देश्यहरू परिपूर्ति गर्नका लागि यस मैथिली पाठ्यपुस्तकमा विभिन्न विधाहरू राखिएका छन् । पाठ्यपुस्तकमा राखिएका कथा, कविता, प्रबन्ध, जीवनी, चिठी तथा निवेदन आदि विधाहरूले सुनाइ र बोलाइ सिपको विकासमा सहयोग पुऱ्याएका छन् । यी विधागत पाठहरूमा राखिएका अभ्यासहरूले पनि सुनाइ र बोलाइ सिपको विकासमा सघाउ पुऱ्याएका छन् । माथि उल्लेखित विभिन्न

विधाहरुको अभ्यास खण्डमा राखिएका अभ्यासहरुले सुनाइ/बोलाइ सिप विकासमा सहयोग पुऱ्याएका छन् ।

### ६.१.२ पढाइ सिप विकासका दृष्टिले 'हमर मैथिली पोथी'

लिखित सामग्रीलाई बुझेर अभिव्यक्ति गर्न आधार प्रदान गर्ने सिप हो । व्यक्तिको साक्षरताको पहिलो खुट्किलो लेख्य भाषा पढ्न जान्नु हो । पढ्न जानेमा उसले आफ्नो सुविधाअनुसार ज्ञानआर्जन गर्ने एउटा अर्को महत्त्वपूर्ण माध्यम प्राप्त गर्दछ । बालकको लेख्य भाषा पढ्न जान्नु भनेको उसले ज्ञानको अर्को ज्योतिको ढोका खोल्नु हो । पढाइ सिप विकासका लागि आवश्यकता अनुसार पढाइ सम्बन्धित सस्वरवाचन, मौनपढन, प्रश्नोत्तर जस्ता कार्यकलाप गराउनु पर्दछ । पढाइ लिखित सामग्रीलाई बुझेर अभिव्यक्ति गर्न आदान प्रदान गर्ने सिप हो । व्यक्तिको साक्षरताको पहिलो खुडकिलो लेख्य भाषा पढन जान्नु हो । कक्षा पाँचको भाषा पाठ्यक्रमले पढाइ सिपका लागि चार वटा उद्देश्यहरू राखेको छ ।

१. बालगीत तथा बालकविता गति, गति, लय, मिलाएर पढन ।

२. शुद्ध र प्रष्टसँग चिठीपत्र पढन ।

३. पाठ्यपुस्तकमा दिइएका बाल रचना सस्वर र मौन रूपमा पढन ।

४. पाठमा दिइएका अभ्यासात्मक क्रियाकलापको उपयुक्त रूपमा उत्तर दिने गरी पढन ।

**तालिका २**
**पढाइ सिप विकाससँग सम्बन्धित अभ्यासका तालिका**

| | | | |
|---|---|---|---|
| पढाइ | मिथिलाको बच्चा | कविता | अभ्यास १ : निम्नलिखित शब्दसमक अर्थ बुझू । |
| | पढ़ब सीखू | निबन्ध | अध्यास ८ : ग अहाँ अपन पढाइक सन्दर्भमे समय तालिका बनाउ । |
| | चतुर पण्डित | कथा | अभ्यास १ : निम्नालिखित शब्दसमक अर्थ बूझू । |
| | राजर्षि जनक | जीवनी | अभ्यास ९ : कविता पढू, याद करु आ बुझू । जे नहि बुझियैक से शिक्षकसँ पुछियनु । |

कक्षा पाँचको **हमर मैथिली पोथी**मा पाठ्यक्रमले विभिन्न स्रोत सामग्रीबाट शब्दभण्डारको वृद्धि गर्न भन्ने उद्देश्य राखेको छ । प्रत्येक पाठमा शब्दहरूको उपयुक्त प्रयोग गर्न भन्ने उद्देश्य पनि राखेको छ । विभिन्न प्रयोजनका लागि कथा कविता, निबन्ध, जीवनी पाठहरू पढन भन्ने उद्देश्य पुरा गर्नको लागि प्रत्येक पाठमा उत्तर देऊ भन्ने प्रश्नहरू राखिएको छ । जसले पढाइ सिपको विकासमा सहयोग पुऱ्याउँछ । विभिन्न पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बताऊ भन्ने उद्देश्य पुरा गर्नका लागि पाठ तिनको अभ्यास चार, पाठ पाँचको अभ्यास एक अगाडि अभ्यासहरूले पढाइ सिप विकासमा सहयोग पुऱ्याउने देखिन्छ । तसर्थ पढाइ सिपको विकास गर्न राखिएका उद्देश्यहरु पुरा गर्नका लागि माथि उल्लेखित 'मिथिलाक बच्चा' कविता, 'पढ़ब सिखू' निबन्ध, 'चतुर पण्डित' कथा, 'राजर्षी जनक' जीवनी विधामा दिइएका अभ्यास खण्डले पढाइ सिप विकासमा सहयोग पुऱ्याएका छन् ।

### ६.१.३ लेखाइ सिप विकासका दृष्टिले 'हमर मैथिली पोथी'

भाषिक अभिव्यक्तिगत सिपको विकास गर्नका लागि पाठ्यक्रमले लेखाइ सिपको उद्देश्य राखेको छ । लेखाइ सिप विकासका लागि अनुच्छेद, लेखन, श्रुति लेखन, स्वतन्त्र लेखन जस्ता कार्यक्रलाप गराउनु पर्नेछ । कक्षा पाँचको पाठ्यक्रमले लेखाइ सिप विकासका लागि अनुरूप ६ वटा उद्देश्य राखेको छ ।

१. चित्र र अन्य विषयवस्तुको लिखित वर्णन गर्न,
२. हिज्जे मिलाएर शब्द लेख्न,
३. बान्की मिलाइ वर्णहरू ठीक दुरीमा लेख्न,
४. शिक्षकको निर्देशनमा शुद्ध र सफासँग अनुच्छेद लेख्न एवम श्रुतिलेखन गर्न,
५. पूर्ण विराम, अल्पविराम, प्रश्नवाचक र विस्मयादिवोधक चिन्हको प्रयोग गर्न,
६. पाठमा दिइएका अभ्यासात्मक क्रियाकलापको उत्तर प्रभावकारी रूपमा लेख्न ।

**तालिका ३**

**लेखाइ सिप विकाससँग सम्बन्धित अभ्यासका तालिका**

| | | | |
|---|---|---|---|
| लेखाइ | मिथिलाक बच्चा | कविता | अभ्यास २ : निम्नलिखित प्रश्नसमक एक एक वाक्यमेक उत्तर लिखू । अभ्यास ३ : निम्न प्रश्नसभक विस्तारसँ उत्तर लिखू । अभ्यास ४ : निम्न कवितांशक सप्रसङ्ग व्याख्या करु । अभ्यास ६ : रिक्त स्थानपद ठीक शब्द राखि पाँटि पूर्ण करु । अभ्यास ७ : कविताक आधारपर ठीकमे (√) गलतमे (×) चिन्ह लगाऊ । अभ्यास ९ : कविताक आधारपर पाँचटा नाम लिखू । |
| | पढ़ब सीखू | निबन्ध | ठीक शबद राखि खाली ठामकेँ भरु । अभ्यास ७ : निम्न वाक्य सममेसँ सर्वनाम पत्ता लगाउ । अभ्यास ८ : अहाँ अपन पढाइक सन्दर्भमे समय तालिका बनाउ । |
| | चतुर पण्डित | कथा | अभ्यास २ : निम्न प्रश्नसभक एक एक वाक्यमे उत्तर लिखू । अभ्यास ३ निम्न प्रश्नसमक विस्तृतमे उत्तर लिखू । अभ्यास ४ निम्न शवरसमके वाक्यमे प्रयोग करु । अभ्यास ५ कोष्ठमे देल गेल शब्दसभ मध्य उपयुक्त शब्दमे (√) चिह्न लगाइ वाक्य पूर्ण करु । |

| | | | |
|---|---|---|---|
| | | | अभ्यास ६ : निम्नाङ्कित शब्दसभकें समान धर्मक हिसाबकें एक पाँतिमे लिखू । अभ्यास ८ : निम्न शब्दसभक बीच रेखा तानि जोडा मिलाउ । |
| | मामाकें चिट्ठी | पत्र | अभ्यास ५ पाठक आधारपर दशता सम्बन्धवाचक शब्द लिखू । अभ्यास ६ प्रस्तुत चिट्ठीक आधारपर अहाँ मामाक रूपमे भागिनकें जबाब लिखू । अभ्याउ ग : आहाँ अपन पास पडोसक दशटा गामक नाम लिखू । घ. आहाँक मामागाम केहन आछि, विस्तारकसँ लिखू । |
| | चारि पहर | कविता | अभ्यास ७ : निम्न शब्दभमे विशेषण कोन कोन अछि, लिखू । हटिया, साँझ, भोरुकवा, दूपहरिया |
| | राजर्षि जनक | जीवनी | अभ्यास ३ निम्न प्रश्नसभक विस्तारपूर्वक उत्तर लिखू । अभ्यास ५ : रिक्त कोष्ठकमे सही शब्दक अनुक्रम लीखि जोडा मिलाउ । अभ्यास ९ : राजर्षि जनकहिजकाँ पहिला किलासमे पढ़लाहा बातक आधासर तथा शिक्षकसँ पूछिक जगज्जनी जानकीक जीवनी लिखू । अभ्यास २ : निम्न प्रश्नभक विसतारसँ जवाफ लिखू । |
| | कम्प्यूटर | निबन्ध | अभ्यास ५ : निम्न वाक्यसभक एक शब्दमे अर्थ लिखू । अभ्यास ६ : निम्न देल गेन चिह्न सभक |

| | | | |
|---|---|---|---|
| | | | नाम लिखू<br>अभ्यास ७ : (क) कम्प्यूटरक चित्र बनाउ<br>(ख) कम्प्यूटरक सञ्चालन कोना घेइत अछि, शिक्षकसँ जानकारी ल लिखू । |
| | अतिथि सेवा | कथा | अभ्यास ७ : निम्न शब्दसभक प्रयोग क एकटा छोटछिन खिस्सा लिखू । |
| | बढ़ैत चलू | कविता | अभ्यास ६ : निम्न शब्दसमक विपरीतार्थी शब्द लिखू । |
| | घरक काज | संवाद | अभ्यास ५ : निम्न पाँतिसभक व्याख्या करु ।<br>अभ्यास ७ : निम्न संक्षेपकसभक पूर्ण रूप लिखू<br>अभ्यास ८ : (ख) अपन काख किएक करबाक चाही, एकटा निबन्ध लिखू । |
| | दया-धरमक मोल | कथा | अभ्यास १० : (ख) लोभ नहि करथाक चाही । किएक ? आपसभे विचार विमर्श क एकटा आलेख तैयार करु । |
| | बिलार आ पक्षी | कविता | अभ्यास १० : (ख) कोनो जानवरक परोपकारी चरित्रकैँ ल क एकगोत कविता वा खिस्सा लिखू ।<br>(ग) कोनो पाँचटा जानवरक चित्र बनाउ । |
| | मैथिलीक साधक डा. धीरेन्द्र | जीवनी | अभ्यास ६ : निम्न वाक्यक आगाँ करण, अकर की चिक से लिखू ।<br>अभ्यास ७ : बिच्चा देल गेल प्रश्नवाकचक वाक्यसमकैँ सामान्य आ नाकारात्मक वाक्य बनाउ । |
| | सङ्कल्प | संवाद | अभ्यास १० पाठक आधारपटक पाँचटा सर्वनाम लिखू । |

| | | | |
|---|---|---|---|
| | | | अभ्यास ११ (क) तिलक लेनाइ खराब बाट कियैक, एहि विषयपर अहाँ अपन एक मित्रकेँ चिट्ठी लिखू । |

(हमर मैथिली पोथी कक्षा ५ २०६७)

पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्नका लागि प्रत्येक पाठको अभ्यासमा लेखाइ सिप विकाससँग सम्बन्धित अभ्यासहरु राखिएको छ । तसर्थ माथि उल्लेखित विभिन्न विधाहरुले अभ्यास खण्डमा राखिएका अभ्यासले लेखाइ सिप विकासमा सहयोग पुऱ्याएका छन् । अभ्यासहरूको मौलिक रचनामा समेत लेखाइ सिपले सहयोग पुऱ्याउने देखिन्छ । प्रत्येक पाठहरूका अभ्यासमा शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्नका लागि राखिएकाले उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने देखिन्छ । पाठ्यक्रमले राखेको उद्देश्य पुरा गर्नका लागि प्रत्येक पाठको अभ्यासमा 'उत्तर लिखु' भन्ने अभ्यास राखिएको छ । यसले हिज्जे र वाक्य मिलाई सफा र शुद्धसँग लेख भन्ने उद्देश्य शर्त गर्न खोजेको देखिन्छ । पाठ पाँचको अभ्यास, पाँच पाठ पाँचकै अभ्यास नौको सिर्जनात्मक अभ्यासले लेखाइ सिप विकास गर्नमा टेवा पुऱ्याउने देखिन्छ ।

# अध्याय सात

# अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति

## ७.१ परिचय

भाषाको सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास अनिवार्य हुन्छ । अभ्यास नै सिकाइ क्रियाकलापको आधार हो । भाषा सिकाइ अन्य सीपहरूको सिकाइ जस्तै भएकाले यसमा पनि अभ्यास आवश्यक हुन्छ । भाषाको संरचनाको ज्ञान व्याकरण अध्ययनबाट पनि हुन्छ तर भाषाको प्रयोग गर्दा त्यसमा अभ्यस्त हुनु आवश्यक हुन्छ । त्यसै कारण भाषा पाठ्यपुस्तकमा प्रशस्त अभ्यासको व्यवस्था गरिएको छ । कुनै पनि पाठ्य विषयमा निरन्तर दोहोऱ्याई तेहऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यवहारिक पक्षतिर विशेष रूपमा बारम्बार मिहिनेतका रूपमा अभ्यास शब्दलाई लिइएको छ (नेपाली बृहत् शब्दकोश, २०४० : ६९) ।

भाषा सिकाइलाई प्रभावकारी बनाउने जस्तो महत्वपूर्ण क्रियाकलाप सञ्चालन गर्न नमुना अभ्यास अति आवश्यक छ । त्यसैले भाषाका पाठ्यविषयमा विभिन्न प्रकृतिका अभ्यासलाई पाठको अन्त्यमा राखिएको हुन्छ । शिक्षण सिकाइका लागि विषयका सामग्री प्रशस्त हुँदैनन् । त्यस्तो परिस्थितिमा अभ्यास नै अति उपयोगी सामग्री बन्छ । भाषाका ज्ञान र सीपको स्थायित्वका लागि निरन्तर अभ्यास गराउनु आवश्यक छ । भाषाका पाठ्यपुस्तकमा प्रत्येक पाठको अन्त्यमा पाठ्यक्रमका उद्देश्यका आधारमा अभ्यासहरू दिनु आवश्यक हुन्छ ।

भाषाका विविध पक्षहरू र भाषिक सिप विकासमा निर्भर रहने आवश्यक शब्दभण्डार भाषिक संरचना, लिखित तथा मौखिक क्रियाकलाप र गृहकार्य सहितको एउटा शिक्षणीय ढाँचा अभ्यासमा संलग्न रहन्छ । पाठ्यक्रमका उद्देश्यका आधारमा पाठ्यपुस्तकमा त्यस्ता नमुना अभ्यास तयार गरिन्छ । यसमा भाषाका चारवटा सीप विकास हुने गरी सामाग्रीको संयोजन गरिएको हुन्छ । भाषा पाठ्यक्रममा अभ्यास समावेश गर्नुको अर्को अभिप्राय भनेको ज्ञान र धारणालाई भाषिक सिपसँगै एकीकृत रूपमा अगाडि बढाउन सकियोस् भन्ने हो । अभ्यासमा राखिएका सामग्रीहरू गर र सिक भन्ने धारणाबाट अभिप्रेरित हुन्छन् ।

यिनीहरूलाई लेखाइ सिप विकासका साथै गृहकार्यका सामग्रीहरूका रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

पाठ्यपुस्तकका अभ्यास खण्डको निर्देशन, गृहकार्य पुनरावृत्ति, प्रोत्साहन जस्ता काममा सहयोग गर्दछन् । हरेक पाठ्यपुस्तकको पाठको मूल अंशका रूपमा अभ्यासको व्याख्या गरिएको हुन्छ । ती मूल अंशहरू पाठ्यक्रममा निर्धारण गरिएका उद्देश्य पूर्ति गर्न सक्ने किसिमका हुन्छन् । पाठ्यक्रमको उद्देश्य पूरा गर्ने खालका र सहकयोगी दुवै किसिमका रचना पाठ्यपुस्तमा समावेश गर्न सकिन्छ । यसबाट के स्पष्ट हुन्छ भने पाठ्यपुस्तकमा राखिएका विधा एवम् उपविधाका भन्दा यसका आधारमा गराइने भाषिक अभ्यास महत्वपूर्ण हुन्छन् । त्यसैले भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास सवैभन्दा महत्वपूर्ण स्तम्भको रूपमा रहेको हुन्छ (अधिकारी, ५० : १७ : ४) ।

शिक्षणको व्यवस्थित तयारी तथा मूल्याङ्कनको सजिलो उपाय रूपमा अभ्यासको महत्वपूर्ण भूमिका रहन्छ । भाषामा निर्देशन दिएर मात्र पुग्दैन, विषयवस्तुको अभ्यासबाट भाषिक कुशलता सिकाउने उद्देश्य किटान गरिएको हुनुपर्दछ । अभ्यासमा सरलबाट जटिलतर्फ उन्मुख सामग्रीको साथै भाषिक शैक्षिक समस्याहरूलाई समाधान गर्ने र विद्यार्थीका कमीकमजोरीलाई निनराकरण गर्ने खालका अभ्यासको व्यवस्था गरिनुपर्दछ ।

अभ्यासबाट विद्यार्थी सहज रूपमा भाषाका विभिन्न सिपमा दक्षता हासिल गर्न उत्साहित हुन्छन् । त्यसैले शिक्षकको अनुपस्थितिमा पनि विद्यार्थीहरूले भाषिक अभ्यास गर्न सक्ने वातावरण अभ्यासबाट सिर्जना हुन्छ । यस्ता अभ्यासहरू सबै तहका विद्यार्थीहरूको स्तरलाई ख्याल गरेर निर्माण गर्नु पर्छ । भाषा पाठ्यक्रमका उद्देश्यहरूको र पाठ्यसामग्रीको सम्पूर्ण प्रतिनिधित्व हुने गरी अभ्यासको निर्माण गर्नु जरुरी हुन्छ । भाषा पाठ्यक्रममा दिइने अभ्यास भाषिक सामग्री र पठबोधसँग सम्बन्धित हुनुपर्दछ । भाषिक सामग्री भन्नाले शब्दभण्डार, वाक्य रचना, भाषा तत्व आदि पर्दछन् भने पठनबोधतर्फ पाठमा आधारित विषयवस्तु सम्बन्धित विभिन्न प्रकारका लामा छोटा प्रश्नोत्तरहरू पर्दछन् । विद्यार्थीहरूलाई अभ्यासका माध्यमबाट जति बढी व्यस्त राख्न सक्यो त्यति नै पाठ्यक्रमका लक्ष्य पूरा हुन सक्छ ।

## ७.२ अभ्यास खण्डको स्वरूप र स्थिति

भाषिक सिपको प्रकृतिका आधारमा एउटै पाठका अन्त्यमा विभिन्न किसिमका प्रश्नहरू तथा अभ्यासहरू समावेश गरेर पाठ्यपुस्तक निर्माण गरिन्छ । कक्षा पाँचको **हमर मैथिली पोथी** अन्तर्गत पाठको अन्त्यमा खासगरी दुई किसिमका प्रश्नहरू समावेश गरिएका छन् । सामान्यतया प्रश्नहरू मूल्याङ्कनात्मक र अभ्यासात्मक दुई प्रकारका हुन्छन् । सकरात्मक मूल्याङ्कनात्मक प्रश्न समावेश गर्नुको उद्देश्य निर्धारित मापदण्डका आधारमा विद्यार्थीलाई लैजाने वा नलैजाने भन्ने हो । तर अभ्यासात्मक प्रश्नहरूको प्रयोजन भाषाका विविध पक्षहरूको प्रयोग र अभ्यासद्वारा सिकेका कुरालाई सरलीकरण गर्नु हो । प्राथमिक तहका विद्यार्थीहरूका लागि अभ्यास निर्माण गर्दा खासगरी विद्यार्थीमा मौखिक तथा लिखित अभिव्यक्तिसँग सम्बन्धित विभिन्न सिपको प्रतिनिधित्व गर्ने किसिमको हुनुपर्दछ । जुन मैथिली पोथीमा दिइएको छैन । यस पाठ्यपुस्तकमा मौखिकभन्दा लिखित अभ्यासलाई बढी जोड दिइएको छ । विद्यार्थीलाई उत्सुकता जगाउने, पाठ्यक्रमले निर्देश दिएअनुरूप उद्देश्य पूर्ति गर्ने र गराउने अभिप्रायले प्रश्नहरूको निर्माण गरिएको छ । प्रत्येक कथा, कविता, निबन्धहरूमा प्रयुक्त अभ्यासले भाषिक सिपको विकास गराउने उद्देश्य राखेको देखिन्छ । कथा, कविता, निबन्धका पाठका अन्त्यमा पहिला छोटा उत्तर भन्ने र लेख्ने प्रश्नहरू समावेश गरिएका छन् । यस्ता प्रश्नहरू केहि सरल र सजिलै बुझ्ने प्रकृतिका छन् । जस्तै चतुर पण्डित कथामा पण्डितजी केहन रहथि ? त्यस्तै गरेर मिथिलाक बच्चा कवितामा मिथिलाक बच्चा की खाइत अछि ? त्यसैगरी ‘पढ़ब सीखू’ निबन्धमा पढ़ब की छियैक ? फ्रायड के छलाह ? त्यस्तै मामाकैं चिट्ठी पत्रमा भागिन मामाकैं किएक चिट्ठी लिखलक ? ‘राजर्षि जनक’, जीवनीमे ऋषि मुनिसभ की बँटलनि ? आदि जस्ता सरल प्रश्नहरू समावेश भएका छन् । विदार्थीहरूले यसता प्रश्नको सजिलै उत्तर लेख्न र भन्न सक्छन् । त्यस्तै वाक्यमा प्रयोग, अर्थ लेख्ने, खाली ठाउँ भर्ने, जोडा मिलाउने जस्ता प्रश्नहरू विद्यार्थीको स्तर अनुकूल नै हुन् भने केही सङक्षिप्त उत्तरात्मक प्रश्नहरू विद्यार्थीको स्तरभन्दा अलि उच्च कोटिका देखिन्छन् ।

सबै प्रश्नहरू सरल वा जटिल भनेर व्याख्या गर्न त मिल्दैन तापनि केही प्रश्नहरू पाठ्यक्रमको उद्देश्यले नभेट्ने किसिमका देखिन्छन् । कक्षा पाँचको **हमर मैथिली पोथी**मा एक वाक्यमा उत्तर देऊ भन्ने खालका प्रश्नहरू बढि दिइएको छ । पाठ्यक्रमलाई मूल

आधार मानेर नै एक वाक्यमा उत्तर देऊ भन्ने प्रश्नहरू तयार पारिएको छ । त्यस्तै विस्तृत रूपमा उत्तर लेख भन्ने प्रश्न विद्यार्थीको स्तरभन्दा अलि जटिल प्रकृतिका रहेका छन् । तसर्थ हमर मैथली पोथीको अभ्यास खण्डको स्वरूपलाई हेर्दा कुन विधाको कुन अभ्यासले भाषाका कुन सिप विकासमा सहयोग गरेको छ भन्ने कुरालाई निम्नानुसार तालिकीकरण गरिएको छ :

**तालिका नं. ४**

| विधा | पाठ | अभ्यास खण्डको स्वरुप |
|---|---|---|
| कविता | मिथिलाक बच्चा | अभ्यास १ :  शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर देऊ<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ : प्रसङ्ग व्याख्या<br>अभ्यास ६ : खाली ठाउँ भर<br>अभ्यास ७ : ठीक बेठीक प्रश्न<br>अभ्यास ८ : व्याकरण<br>अभ्यास ९ : व्याकरण<br>अभ्यास १० : सिर्जनात्मक अभ्यास |
| कविता | पढैत चलु | अभ्यास १ : शब्द्यार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ : प्रसङ्ग व्याख्या<br>अभ्यास ६, ७, ८ : व्याकरण<br>अभ्यास ९ : सिर्जनात्मक अभ्यास |
| कविता | विलार आपक्षी | अभ्यास १ : शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर लेख<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४  : वाक्यमा प्रयोग |

| | | |
|---|---|---|
| कविता | चारि पहर | अभ्यास ५ : खाली ठाउँ भर<br>अभ्यास ७, ८, ९ व्याकरण<br>अभ्यास १० सिर्जनात्मक अभ्यास<br>अभ्यास १ : शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर लेख<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ : प्रसंग व्याख्या<br>अभ्यास ६, ७, ८ : व्यकरण<br>अभ्यास ९ : सिर्जनात्मक अभ्यास |

**तालिका नं. ५**

| **विधा** | **पाठ** | **अभ्यास खण्डको स्वरुप** |
|---|---|---|
| निबन्ध | पढ़व सीखू | अभ्यास १ : शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर लेख<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यगत प्रयोग<br>अभ्यास ५ : खाली ठाउँ भर<br>अभ्यास ६ : ठिक बेठिक प्रश्न<br>अभ्यास ७ : व्याकरण<br>अभ्यास ८ : सिर्जनात्मक आभास |
| निबन्ध | कम्प्यूटर | अभ्यास १ : शब्दार्थ शिक्षण<br>अभ्यास २ एक वाक्यमा उत्तर लेख<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ शब्दार्थ लेखन<br>अभ्यास ६ : चिन्हको नाम लेख |

| | | |
|---|---|---|
| निबन्ध | हमर मिथिला | अभ्यास ७ : सिर्जनात्मक<br>अभ्यास १ : शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर लेख<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ वाक्यमा प्रयोग<br>अभ्यास ५ : शब्दार्थ लेख<br>अभ्यास ७ : व्याकरण<br>अभ्यास ९ : सिर्जनात्मक अभ्यास |

**तालिका नं. ६**

| **विधा** | **पाठ** | **अभ्यास खण्डको स्वरुप** |
|---|---|---|
| कथा | चतुर पण्डित | अभ्यास १ : शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर देऊ<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ : ठीक बेठीक प्रश्न<br>अभ्यास ६ : वर्णन गर<br>अभ्यास ७ : व्याकरण<br>अभ्यास ८ : व्याकरण<br>अभ्यास ९ : सिर्जनात्मक अभ्यास |
| कथा | अतिथि सेवा | अभ्यास १ :  शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर देऊ<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ : प्रसङ्ग व्याख्या<br>अभ्यास ६ : खाली ठाउँ भर<br>अभ्यास ७ : व्याकरण |

| | | |
|---|---|---|
| कथा | दया घरमक मोन | अभ्यास १ :  शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर देऊ<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ : ठीक बेठीक प्रश्न<br>अभ्यास ६ : पाठ गर<br>अभ्यास ७ : व्याकरण<br>अभ्यास ८ : व्याकरण<br>अभ्यास ९ : व्याकरण<br>अभ्यास १० : सिर्जनात्मक अभ्यास |
| कथा | सन्तोष जनकधन | अभ्यास १ :  शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर देऊ<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ : ठीक बेठीक प्रश्न |

**तालिका नं. ७**

| **विधा** | **पाठ** | **अभ्यास खण्डको स्वरुप** |
|---|---|---|
| पत्र | मामाके चिट्ठी | अभ्यास १ :  शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर देऊ<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ : व्याकरण<br>अभ्यास ६ : सिर्जनात्मक अभ्यास<br>अभ्यास १ :  शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर देऊ |
| जीवनी | राजर्षी जनक | अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग |

| | | |
|---|---|---|
| | | अभ्यास ५ : जोडा मिलाऊ<br>अभ्यास ६ : खाली ठाउँ भर<br>अभ्यास ७ : व्याकरण<br>अभ्यास ८ : व्याकरण<br>अभ्यास ९ : सिर्जनात्मक अभ्यास |
| संवाद | घरक काज | अभ्यास १ : शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर देऊ<br>अभ्यास ३ : विस्तृत उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ : व्याख्या गर<br>अभ्यास ६ : खाली ठाउँ भर<br>अभ्यास ७ : पूर्ण रुप लेख<br>अभ्यास ८ : सिर्जनात्मक अभ्यास |
| निवेदन | प्रधानाध्यापकको अर्जी | अभ्यास १ : शब्दार्थ शिक्षण<br>अभ्यास २ : एक वाक्यमा उत्तर लेख<br>अभ्यास ३ : दीर्घ उत्तर लेख<br>अभ्यास ४ : वाक्यमा प्रयोग<br>अभ्यास ५ : व्याकरण<br>अभ्यास ६ : सिर्जनात्मक अभ्यास |
| लिपि | मिथिलाक्षर (तिरहुता) | अभ्यास १ : मिथिलाक्षर लिपिलाई देवनागरी लेख<br>अभ्यास २ :देवनागरीलाई मिथलाक्षरमा लेख<br>अभ्यास ३ : देवनागरीलाई मिथिलाक्षरमा लेख |

कक्षा ५ को **हमर मैथिली पोथी**मा समावेश भएका चारवटा कथा तीनवटा कविता र तीनवटा निबन्धमा मात्रामात्मक हिसावले हेर्दा अरु विधा भन्दा एक वाक्यमा उत्तर लेख्ने, विस्तृत रूपमा उत्तर लेख्ने, खाली ठाउँ भने, जोडा मिलाउने प्रश्न बढी दिइएको छ । यी अभ्यास बाहेक भाषिक सिपको विकास गर्न अन्य अभ्यासहरू जस्तै वाक्यमा प्रयोग, अर्थ लेख्न, पढ र लेख, स्पष्ट उच्चारण गर, शुद्ध गर जस्ता अभ्यासहरू समावेश गरेर पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्ने हेतु राखिएको छ । समग्रमा अभ्यास खण्डमा राखिएका प्रश्नहरू पाठ्यक्रम अनुरूप नै छन् । त्यस्तै व्याकरण तत्वको पहिचान र तिनको उपयुक्त प्रयोग क्षमता विकासको उद्देश्यले पाठ्यक्रममा व्याकरण तत्व समावेश गरिएको छ । व्याकरण भाषा प्रयोगमा अन्तरसम्बन्धित संरचना वा व्यवस्था भएकाले यसलाई पाठभन्दा अलग गर्नु सम्भव नभएर पाठ्यक्रमले निर्दिष्ट गरको विधा अन्तर्गत नै व्याकरणलाई राखिएको छ ।

अभ्यासमा कविता अन्तर्गत सुरुमा गति, यति, लय मिलाएर पढ्न लगाउने, अभ्यास, राखिएको भए यसलाई पढाइ सिप विकासमा सहयोग पुऱ्याउथ्यो तर राखिएको देखिदैन । त्यसैगरी संवादमा हाउभाउ सहित पढेर सुनाउने अभ्यास राखिएको भए यसले पढाइ र सुनाइ सिपको विकास गराउँथ्यो तर यस पुस्तकमा राखिएको देखिदैन । सबै जसो विधागत पाठहरूमा एक एक वाक्यमा उत्तर देऊ भन्ने अभ्यास राखिएको छ, जसले बोलाई सिपगत उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन सहयोग गरेको देखिन्छ । त्यसपछि प्रश्नोत्तर सम्बन्धित राखिएका अभ्यासहरूले पठनबोध तथा लेखन सम्बन्धि उद्देश्यको आंशिक तह पुरा गरेको देखिन्छ । शुद्ध उच्चारणसम्बन्धी अभ्यासले पाठभित्रको शब्दहरूलाई सन्दर्भपूर्ण प्रयोग गर्न सहयोग पुऱ्याएको देखिन्छ । शुद्ध पारी लेख भन्ने अभ्यासले वाक्य गठन मिलाई सफा र स्पष्टसँग लेखनमा जोड दिइएको पाइन्छ । त्यसैगरी जोडा मिलाउने, उपयुक्त शब्द खोजेर खाली ठाउँ भर्ने, ठिक उत्तरमा ठिक चिन्ह लगाउने जस्ता अभ्यासले उपयुक्त शब्द चयन गर्न, शब्दभण्डारको विकास गराउन, शब्दहरूमा शुद्ध र अशुद्धको फरक पहिचान जस्ता कुरालाई ध्यान दिइएको भेटिन्छ । त्यसैगरी पाठबाट खोजेर लेख जस्ता अभ्यासले विद्यार्थीलाई सक्रिय बनाएर सिक्ने बानीको विकास गराउन खोजको देखिन्छ । त्यसैगरी पाठको अन्त्यमा दिइएका व्याकरणले व्याकरणको धारणात्मक ज्ञानलाई विस्तृत पार्न खोजिएको छ भने परम्परागत घोकन्ते र बोझिलोपन हटाएर सरल र सहज तरिकाले व्याकरणगत अभ्यास दिन खोजिएको छ । प्रतयेक पाठमा राखिएका सिर्जनात्मक अभ्यासले

सिकारुमा क्रियाशील बनाई लेखन सिपको विकासका साथै मौखिक अभिव्यक्ति सिपलाई विकसित गराउन सहयोग गरेको छ । जस्तै बढ्न सीखू निबन्ध पाठमा दिइएको सिर्जनात्मक अभ्यास अहाँ कोना पढैत छी ? विसतार चर्चा करु । जसले पढाइ र लेखाइ दुवै सिप विकास गर्न सहयोग पुऱ्याएको देखिन्छ । त्यस्तै 'चतुर पण्डित' कथामा दिएका 'आपसी सद्भाव विषयपर विदार्थीसभ आपसमे विचार विमर्श करथि' भन्ने सिर्जनात्मक अभ्यासले बोलाइ सिपको विकासमा सहयोग पुऱ्याएको देखिन्छ ।

समग्रमा **हमर मैथिली पोथी** पाठ्यपुस्तकमा अभ्यास खण्डको प्रयोगको स्थितिलाई हेर्दा पाठ्यपुस्तकमा प्रशस्त अभ्यासहरू राखेर सुनाइ बोलाइ, पढाइ, लेखाइ चारै सिपहरूलाई समेट्न प्रयास गरिएको छ । यति भए तापनि अभ्यासहरू अझै पूर्ण र प्रशस्त बन्न सकेको छैनन् ।

चारै सिपलाई एकिकृत गर्नुपर्ने र बराबर महत्व दिइएको भेटिदैन । प्रत्येक पाठमा उत्तर लेख, लामो उत्तर लेख भनी अभ्यासमा राखिएको छ । यस्तै शब्दभण्डारलाई पत्येक पाठमा छुट्टै शीर्षक राखेर त्यसभित्र जोडा मिलाउने, खाली ठाउँ भर्ने अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्ने आदि अभ्यासहरू राखिएको छ । जसले शब्दभण्डार क्षमता वृद्धि गराउन सहयोग पुऱ्याएको छ । त्यस्तै कार्यमूलक व्याकरण अभ्झासलाई प्रत्येक पाठमा छुट्टै शीर्षकमा राखेको छ । यसले व्यवहारिक र शुद्ध प्रयोगलाई प्रोत्साहन गरेको छ । यसैगरी प्रत्येक पाठमा सिर्जनात्मक अभ्यासहरू राखेर सिर्जनात्मक अभिव्यक्तिगत सिपलाई विकास गराउने प्रयास गरेको देखिन्छ । अभ्यास पाठ्यक्रमका उद्देश्य पूर्तिमा धेरै रूपमा उपयुक्त र सहयोगी भेटिन्छ । यति भए तापनि लेखाइ सिप बराबर अन्य सिपलाई पनि समावेश गराइएको भए मात्र कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तकमा अभ्यासले भाषाका चारै सिप विकासमा टेवा पुऱ्याउन सक्छन् ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत शोधपत्रमा आठ अध्याय राखेर ती अध्यायभित्र विभिन्न शीर्षक तथा उपशीर्षक राखी अध्ययन गर्ने कार्य गरिएको छ । यी कुराहरूलाई संक्षिप्तमा प्रस्तुत गर्नु नै यसको सारांश हो ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा पृष्ठभूमि, समस्या कथान, अध्ययनको उद्देश्य अध्ययनको सान्दर्भिकता र उपायदेयता, अध्ययनको सीमा, अध्ययनको रूपरेखा जस्ता उपशीर्षकका बारेमा स्पष्टीकरण दिइएको छ । पृष्ठभूमि अन्तर्गत पाठ्यक्रमको परिचय, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्धका बारेमा प्रष्टाइएको छ । त्यसैगरी समस्या कथन उपशीर्षकमा कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप छ वा छैन **हमर मैथिली पोथी**मा समावेश विभिन्न पाठहरू पाठ्यक्रमका उद्देश्यहरूलाई पुरा गर्छन् वा गर्दैनन् र पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधागत पाठहरू पाठ्यक्रमका क्षेत्र क्रमका आधारमा राखिएका छन् वा छैनन्, **हमर मैथिली पोथी**को अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थिति कस्तो छ भन्ने सन्दर्भहरू राखिएका छन् । तेस्रो उपशीर्षकमा पृष्ठभूमि राखिएको छ । त्यस्तै चौथोमा समस्या कथन र पाँचौमा अध्ययनको उद्देश्य राखिएको छ । त्यस्तै छैठौं उपशीर्षकमा अध्ययनको सान्दर्भिकता र उपायदेयता, राखिएको छ । जस अन्तर्गत प्रस्तुत शोधकार्य गर्न आवश्यक छ वा छैन भन्ने सन्दर्भ स्पष्ट पारिएको देखिन्छ । यसै गरी यस अध्ययनको सातौ उपशीर्षकमा अध्ययनको सीमाङ्कन राखिएको छ । जसमा अध्ययन गरिने विषयको सीमालाई निर्दिष्ट गरिएको छ । प्रस्तुत अध्ययन कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तक र त्यसको पाठ्यक्रम अनुरूपताको अध्ययनमा सीमित रहेको कुरा प्रष्ट्याइएको छ ।

प्रस्तुत अध्ययनको अध्याय दुईमा पूर्वकार्यको अवलोकन शीर्षक राखिएको छ । यस अन्तर्गत यस अध्ययन कार्य गर्नुभन्दा अगाडि यस अध्ययनीय शीर्षक सम्बन्धित के कस्ता विषय र क्षेत्रमा अध्ययनहरू भएका छन् अब के कति गर्नुपर्ने छ भन्ने बारेमा दिशा निर्देश गरिएको छ । यसैगरी पूर्व अध्ययन गर्नाले अध्ययन कार्य गर्न के कस्तो फाइदा हुन्छ भन्ने

पक्षमा पूर्व अध्ययन नामक शीर्षकमा स्पष्ट पारिएको छ । यसैगरी अध्याय तीनमा सैद्धान्तिक अवधारणालाई विभिन्न दृष्टिकोणबाट परिचय दिइएको छ । यसैगरी भाषापाठ्यक्रमलाई सैद्धान्तिक आधारबाट परिचय दिइएको छ । त्यसपछि पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन जस्ता तत्वहरूका बारेमा सैद्धान्तिक रूपबाट नियालिएको छ । यसैगरी अर्को उपशीर्षक भाषा पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य विशेषताहरूलाई सैद्धान्तिक रूपबाट चर्चा गरिएको छ । यस अन्तर्गत भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषतामा पाठ्यवस्तु, शब्दभण्डार, भाषा, अभ्यास चित्रहरूको बारेमा चर्चा गरिएको छ । त्यस्तै भाषापाठ्यपुस्तकको बाह्य विशेषता अन्तर्गत बनोट अक्षरको आकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर, मूल्य, सुलभता, विषयसूची तथा शब्दसूचीका बारेमा चर्चा गरिएको छ । त्यसपछि अर्को उपशीर्षक भाषापाठ्यपुस्तकको सम्बन्ध अन्तर्गत पाठ्यक्रम भनेको शिक्षण क्रियाकलापलाई व्यवस्थित बनाउन योजना निर्माण गर्दछ र पाठ्यपुस्तकले त्यस उद्देश्यलाई पूरा गर्न माध्यम वा साधनका रूपमा कार्य गर्दछ । त्यसैले यी दुई बीच अन्तर सम्बन्ध रहेको छ भन्ने कुरा प्रष्ट पारएको छ ।

त्यसपछि प्रस्तुत अध्ययनको अध्याय तिन अन्तर्गत अध्ययन विधि र प्रक्रिया शीर्षक राखिएको छ । यस अन्तर्गत अध्ययन गर्दा कस्ता विधिहरू प्रयोग गरिएको छ, कुन तरिका अपनाइएको छ । कुन ढाँचा र संरचनामा सङ्गठित र सुव्यवस्थित गरिएको छ भन्ने कुरा स्पष्ट पारिएको छ । यस्तै अध्ययनको विधि नामक उपशीर्षकमा पुस्तकालीय अध्ययन कार्यमा आधारित रहेर विभिन्न किसिमकका सन्दर्भ पुस्तकहरू, भाषापाठ्यपुस्तकहरू, पाठ्यक्रम तथा शोधपत्रको सहयोग लिई अध्ययन गरिने गरिएको कुरा देखाइएको छ । त्यस्तै तथ्याङ्क संकलनका दोस्रो उपशीर्षकमा प्राथमिक स्रोत अन्तरगर्त मुख्य गरी पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित प्राथमिक शिक्षा पाठ्यक्रम (१-५) २०६४ र कक्षा पाँचको **हमर मैथिली पोथी** २०६७ लाई लिइएको कुरा राखिएको छ । यसैगरी द्वितीयक स्रोतका रूपमा भाषापाठ्यपुस्तकका विभिन्न प्रकाशनका पुस्तकहरू, भाषिक अनुसन्धान विधिका पुस्तकहरू, तथा शोधपत्रहरूलाई लिइएको कुरा प्रस्तुत गरिएको छ । यसरी सङ्कलन गरिएको सामग्रीलाई अध्ययन विश्लेषण तथा मूल्याङ्कन गरी प्रस्तुत गरिएको कुरा समेत उल्लेख गरिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय चार अन्तर्गत पाठ्यक्रम अनुरूपताका आधारमा **हमर मैथिली पोथी** पाठ्यपुस्तकको अध्ययन शीर्षक राखिएको छ । यस भित्रका पनि विभिन्न उपशीर्षकहरूका माध्यमबाट कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तकलाई पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गरिएको छ । यसमा पाठ्यक्रमको उद्देश्य र **हमर मैथिली पोथी** नामका उपशीर्षक राखी पाठ्यक्रमको उद्देश्य प्राप्त गर्न सहयोग पुऱ्याउने पाठहरू पाठ्यपुस्तकमा राखिएको छ छैन भनी अध्ययन विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा भाषिक सिपका आधारमा हम मैथिली पोथीको अध्ययन नामक शीर्षक राखी यसभित्र भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई छुट्टाछुट्टै उपशीर्षकमा राखी विश्लेषण गरिएको छ । यसै गरी अध्याय चारमै शिक्षण प्रक्रियामा र **हमर मैथिली पोथी**को विश्लेषण, अङ्कभार तथा **हमर मैथिली पोथी**को आकृति प्रकृति जस्ता उपशीर्षकहरू राखी पाठ्यक्रम अनुरूपताका दृष्टिले पाठ्यपुस्तकको अध्ययन गर्ने कार्य गरिएको छ ।

अर्को उपशीर्षक पाठ्यक्रमका क्षेत्र र क्रमअनुरूपताका आधारमा **हमर मैथिली पोथी**को अध्ययन नामक, उपशीर्षक राखी त्यस अन्तर्गत पाठ्यक्रमले निर्दिष्ट गरेको क्षेत्र र क्रमलाई तालिकामा राखिएको छ । त्यसको अध्ययन विश्लेषण गरी पाठ्यक्रमको क्रमअनुरूप **हमर मैथिली पोथी** पाठ्यपुस्तकमा पाठलाई मिलाएर नराखिएको निष्कर्ष निकालिएको छ । त्यस्तै अध्याय छ मा अभ्यास खण्डको स्वरूप र प्रयोगको स्थितिको अध्ययन शीर्षक राखिएको छ । यस अन्तर्गत **हमर मैथिली पोथी**मा दिइएको अभ्ङास खण्डको स्वरूप कस्तो छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय सातमा सारांश, निष्कर्ष उपायेगिता र सुझावहरू राखी यस अध्ययन कार्यको समापन गर्ने कार्य गरिएको छ । अन्त्यमा प्रसतुत अध्ययन कार्य गर्नका लागि आवश्यक सामग्रीहरू संकलन गरिएका सन्दर्भ सामग्रीहरूका सूचीलाई वर्णानुक्रम मिलाएर प्रस्तुत गरिएको छ ।

## ८.२ निष्कर्ष

प्रस्तुत अध्ययनको उद्देश्य कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप छ वा छैन भनी अध्ययन गर्नु हो । त्यसैगरी समयको अन्तरालसँगै वि.सं. २०६४

सालमा परिवर्तित भएको प्राथमिक पाठ्यक्रम (१-५) अनुरूप कक्षा पाँचको मैथिली पोथी पाठ्यपुस्तक छ वा छैन भनी पाठ्यक्रम अनुरूपताका दृष्टिले खोजी गर्ने कार्य भएको छ । यसैगरी **हमर मैथिली पोथी**को पाठ्यक्रमको उद्देश्यलाई पूर्ति गर्न सक्छ वा सक्दैन, पाठहरूको पाठ्यक्रम अनुरूप के कसरी तालमेल मिलेको छ, पाठ्यक्रमको भावना वा मर्मलाई पहिचान गर्न सकेको छ वा छैन भनी पहिचान गर्ने काम यस अध्ययनमा गरिएको छ । प्रस्तुत अध्ययनमा उक्त पाठ्यपुस्तकको पाठ्यक्रमसँगको सम्बन्ध केलाउनका लागि विभिन्न अध्याय पश्चात् निष्कर्ष निकालिएको छ । समग्रमा त्यसरी निकालिएको निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छः

१. भाषा पाठ्यपुस्तकमा भाषाका चारै सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई सन्तुलित रूपमा समावेश गरिनुपर्दछ । यस पाठ्यपुस्तकमा चारै सिपलाई सन्तुलित गर्न प्रयास गरिएको तर अपूर्ण नै रहेको पाइनछ ।

२. भाषा पाठ्यपुस्तकलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारै सिपलाई बराबर महत्त्व दिए । अभ्यासहरू प्रशस्त राखिनु पर्नेमा यस पाठ्यपुस्तकमा लेखाइ सिपगत अभ्यासहरू नै बढी भएको र अन्य सिपहरू पूरा गर्न सक्ने अभ्यासको कमी भएको पाइन्छ ।

३. शिक्षण सिकाइ प्रक्रिया विद्यार्थी केन्द्रित हुनुपर्दछ । यस पाठ्यपुस्तकमा राखिएको अभ्यास तथा सिर्जनात्मक अभ्यासले विद्यार्थी केन्द्रित क्रियाकलापलाई अवलम्बन गर्न खोजेको देखिन्छ ।

४. पाठ्यपुस्तकमा व्याकरणलाई कार्यमूलक ढङ्गबाट पाठसँग सम्बद्ध गराउने कोसिस गरिनुले शिक्षण प्रक्रियालाई सैद्धान्तिकभन्दा व्यहारिक प्रक्रियातर्फ उन्मुख गरिएको पाइन्छ ।

५. मूल्याङ्कन तथा अङ्कभारलाई हेर्दा १०० पूर्णाङ्क मध्ये ५०% निर्माणात्मक वा प्रयोगात्मक मूल्याङ्कनमा जोड दिनु सकमरात्मक पक्ष हो जसमा **हमर मैथिली पोथी**मा पनि निर्माणात्मक मूल्याङ्नलाई केही भए पनि प्राथमिकता दिएको पाइन्छ ।

६. मैथिली पोथीमा राखिएको पाठहरूको आकृति प्रकृतिका दृष्टिले हेर्दा स्तर, तह र उमेर सुहाउँदा व्यवहारिक र रमाइलाका दृष्टिले उपयुक्त पाइन्छ । तर यति भएता

पनि पाठको संख्या १८ हुनुले पाठभित्र रहेका क्रियाकलापहरू उपयुक्त समयमा सकिन कठिन हुने देखिन्छ ।

७. वैचारिक दृष्टिकोणबाट उक्त पाठ्यपुस्तकले शिक्षा शास्त्रील दृष्टिकोण, प्रजातान्त्रिक मूल्यमान्यता, मानव तथा बालअधिकार, भौगोलिक तथा धार्मिक विविधता तथा राष्ट्रिय एकता र सार्वभौमिकतालाई स्पष्ट रूपमा समेटेको भैटिँदैन ।

८. कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तकमा राखिएका सम्पूर्ण विधा पाठ्यक्रम अनुरूप रहेको छ तर पाठहरूको रखाई क्रम भने पाठ्यक्रमरूप रहेको देखिदैन ।

९. प्रत्येक पाठमा विभिन्न किसिमका शब्दभण्डारका अभ्यासहरू राखिएकोले शब्दभण्डारका दृष्टिले उक्त पाठ्यपुस्तक उपयुक्त देखिन्छ ।

१०. कक्षा पाँचको **हमर मैथिली पोथी**मा उखान टुक्काको प्रयोगका दृष्टिले अत्यन्तै न्यून प्रयोग भएको देखिन्छ ।

११. पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरूले सामाजिक, सांस्कृतिक, लैङ्गिक, साहित्यिक, वैज्ञानिक तथा व्यवहारिक पक्षलाई समेट्न खोजेको छ तर वर्तमान परिवेशको बदलिदो विकासमा सहयोग पुऱ्याउने पाठ्यवस्तुलाई भने वेवास्ता गरेका देखिन्छ ।

१२. शब्दभण्डारको रखाइक्रम हेर्दा कहीँ अत्याधिक पुराना र सजिला शब्दहरू, कहीँ अत्यधिक नयाँ प्राविधिक तथा पारिभाषिक शब्दहरू राखिएकाले पाठ्यपुस्तक त्यति उपयुक्त देखिएको छैन ।

१३. भाषाको प्रयोगकमा दृष्टिले हेर्दा कक्षा पाँचको **हमर मैथिली पोथी** उपयुक्त नै छ, तर चित्रहरूको रङ उचित रहेको देखिदैन ।

१४. कक्षा पाँचको **हमर मैथिली पोथी** बनोटका दृष्टिले आकार र मोटाइ स्तर अनुरूप छ तर भिज्ने मैलिने तथा च्याटिने डरबाट मुक्त हुन सकेको छैन ।

१५. अक्षरको आकार र ठाउँ छोडाइका दृष्टिले पनि उपयुक्त रहेको छ, यस पाठ्यपुस्तकको छपाइ र बँधाइका दृष्टिले हेर्दा त्यति उपयुक्त देखिएको छैन ।

१६. यस पाठ्यपुस्तकको मूल्य उपयुक्त छ तर सुलभता दृष्टिले भने उपयुक्त हुन सकेको छैन ।

१७. पाठ्यपुस्तकको अन्त्यमा शब्दसूचीको व्यवस्था गरिएको छैन ।

१८. कक्षा पाँचको **हमर मैथिली पोथी**मा राखिएका पाठहरू छोटा र सरलताका दृष्टिले उपयुक्त नै देखिन्छ ।

१९. उक्त पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासलाई प्राथमिकता दिएर प्रत्येक पाठको अन्त्यमा राखिएका हुनाले सिर्जनात्मक अभ्यासले पनि उपयुक्त रहेको छ ।

२०. उक्त पाठ्यपुस्तकमा प्रत्येक पाठका प्रत्येक पृष्ठमा कठिन शब्दहरूको अर्थ दिइएकाले सिकाइ तथा शब्दार्थ शिक्षणमा सहयोग गरेको देखिन्छ ।

## ८.३ सुझावहरू

कक्षा पाँचको **हमर मैथिली पोथी** पाठयपुस्तकमा भएका कमीकमजोरीलाई निम्नानुसार निराकरण गरी परिष्कृत र परिमार्जन गरी सुधार गर्दा उपयुक्त देखिन सकिन्छः

१. **हमर मैथिली पोथी** पाठ्यपुस्तकले पाठ्यक्रमको वास्तविक भावना र उद्देश्यलाई आत्मसात् गरी सोही बमोजिम पाठ्यवस्तु छनोट गर्नु पर्छ ।

२. पाठ्यपुस्तकले चारै भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई सन्तुलित रूपमा समावेश गर्न सक्नुपर्दछ ।

३. भाषाका चारै सिपहरू मध्ये लेखाइ सिपलाई मात्रै महत्व नदिई चारै सिपको अभ्यासलाई महत्त्व दिनुपर्दछ ।

४. पाठ्यक्रमले निर्माणात्मक मूल्याङ्कन तथा प्रयोगात्मक पक्षलाई अझ धेरै अङ्कभार निर्दिष्ट गर्नुपर्ने, पाठ्यपुस्तकले प्रयोगात्मक तथा निर्माणात्मक मूल्याङ्कन गर्न सघाउ पुऱ्याउने प्रशस्त अभ्यासहरू राखिनुपर्ने देखिन्छ ।

५. क्रियाकलाप गर्न उपयुक्त समयमा सकिने गरी विचार पुऱ्याएर पाठ्यपुस्तक निर्माण गरिनुपर्ने देखिन्छ ।

६. पाठ्यपुस्तकले मनोवैज्ञानिक दृष्टिकोण तथा परिवर्तित समयलाई समेट्नु पर्ने देखिन्छ ।

७. पाठ्यपुस्तकले राष्ट्रिय एकता र सार्वभौमिकतालाई समेट्नुपर्ने देखिन्छ ।

८. पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूप पाठको रखाइक्रम मिलाएर राख्नुपर्ने देखिन्छ ।

९. पाठ्यपुस्तकमा विभिन्न सन्दर्भ र प्रसङ्ग अनुरूप उखान टुक्का प्रयोगमा ध्यान दिनुपर्ने देखिन्छ ।

१०. शब्दभण्डारको रखाइक्रम र स्तरणमा ध्यान दिनुपर्ने देखिन्छ ।

११. पाठ्यपुस्तक निर्माण गर्दा प्रयोग गरिएको कागजको स्तरमा सुधार गर्नुपर्ने देखिन्छ ।

१२. पाठ्यपुस्तकमा चित्रहरूको रखाइमा अझ विचार गरी रङ्गीण बनाई आवश्यकता अनुसार थप गरिनुपर्ने देखिन्छ ।

१३. पाठ्यपुस्तकको अन्त्यमा शब्दसूची राखेर विद्यार्थी तथा शिक्षकलाई आवश्यक प्रयोग गर्न सहयोगी बनाउन सकेमा राम्रो हुन्छ ।

## ८.४ उपयोगिता

कक्षा पाँचमा पढ्ने विद्यार्थीहरूका लागि भाषिक सिप विकास गराउने उद्देश्यले **हमर मैथिली पोथी** पाठ्यपुस्तक निर्माण गरिएको हो । वि.सं. प्राथमिक शिक्षा पाठ्यक्रम २०६४ अनुसार तयार पारिएको यो पुस्तक पाठ्यक्रमको उद्देश्य पूरा गर्न उपयोगी रहेको छ । यस पाठ्यपुस्तमा विभिन्न विधाहरू राखी तिनीहरूकै आधारमा १८ वटा पाठहरू समावेश गरिएको छ । पाठहरूभित्र विभिन्न सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चारै भाषिक सिपहरूलाई अभ्यास गराउने तथा कार्यमूलक व्यकरणलाई समेटेर प्रशस्त अभ्यासहरू राखिएको छ । यसरी निर्माण गरिएको कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यपुस्तक शैक्षणिक दृष्टिकोणबाट निकै उपयोगी छ ।

### ८.५ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

कक्षा पाँचको **हमर मैथिली पोथी** को पाठ्यक्रमअनुरूपताका दृष्टिले अध्ययन गरिएको छ । यो शीर्षक बाहेक यससम्बन्धी निम्नलिखित सम्भाव्य अध्ययनका लागि निम्नलिखित शीर्षक छनोट गरिएको छ :

१. कक्षा पाँचको **हमर मैथिली पोथी** पाठ्यक्रमको अध्ययन

२. कक्षा पाँचको **हमर मैथिली पोथी** मा समावेश शब्दभण्डारको अध्ययन

३. कक्षा पाँचको **हमर मैथिली पोथी** मा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन

४. पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा पाँचको **हमर मैथिली पोथी** मा समावेश कथा विधाको अध्ययन

५. कक्षा पाँचको **हमर मैथिली पोथी** मा समावेश गरिएका कथा र कविताहरूको तुलनात्मक अध्ययन

# सन्दर्भसूची


अधिकारी, अञ्जली (२०५६), "कक्षा दुईको नेपाली किताब र सजिलो नेपाली मालामा प्रयुक्त शब्द भण्डारको तुलनात्मक अध्ययन", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

आचार्य, देवीप्रसाद (२०५९), "कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रमअनुरूपताको अध्ययन", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कोइराला, गंगा (२०७०), "पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा पाँचको राम्रो नेपाली किताबको नमुना अभ्यासको अध्ययन", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, हरिप्रसाद (२०६३), "कक्षा आठको पुरानो र नयाँ पाठ्यक्रमअनुसारको नेपाली विषयमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढुङगेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०५६), *भाषापाठ्क्रम र पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौंः एम.के. पब्लिर्सस एण्ड डिस्ट्रिब्युटर्स ।

दवाडी, सन्तु (२०७०), "पाठ्यक्रमअनुरूपताका आधारमा स्नातक नेपाली पाठ्यपुस्तकको अध्ययन", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निरौला, हरिप्रसाद (२०६२), "माध्यमिक तहका नेपाली पाठ्पुस्तकमा पाठ्यक्रमअनुरूपता", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

*प्रा.वि. पाठ्यक्रम* (२०६४), ज.शि.सा.के. सानोठिमी, भक्तपुर ।

पाण्डे, विजय कुमार (२०६२), "कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रमअनुरूपताको अध्ययन", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, राजेन्द्रप्रसाद र पण्डित, सि.एन. (२०६६), *आधुनिक अनुसन्धान पद्धति,* काठमाडौं : प्रज्ञा पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,* काठमाडौं : हेरिटेल पब्लिसर्स एण्ड डिस्टिब्यूटर्स प्रा.लि. ।

बम, सुशील कुमार (२०७०), "पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रीमा (२०६१), "कक्षा आठको नेपाली पाठ्यक्रमअनुसारको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, राम प्रसाद (२०६९), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०६३), *स्नातकोत्तर नेपाली शोध विवरण,* काठमाडौं : न्यूहिरा बुक्स ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सलनाइट पब्लिकेशन ।

मण्डल, रामदेव (२०६६), "मेरो नेपाली किताब र **हमर मैथिली पोथी** बिचको तुलनात्मक अध्ययन", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६९), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०६४), *मातृभाषाको नमुना पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासका लागि मार्गदर्शन पुस्तिका,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

रिमाल, प्रभादेवी (२०७१), "पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुकस्तकको अध्ययन", *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०७१), ***हमर मैथिली पोथी,*** भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

सुवेदी, उर्मिला (२०६६), “कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रमअनुरूपताको अध्ययन”, *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, लालनाथ (२०६६), “पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन”, *स्नातकोत्तर शोधपत्र,* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण :* काठमडाोंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५२), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।